मानवअधिकारपत्र

Human Rights Post

NHRC Monthly Newsletter Vol. 2 Issue 1-2 Apr.-June 2009

वर्ष २, अङ्क १-२ राष्ट्रिय मानवअधिकार आयोगको बुलेटिन (विशेषाङ्क) २०६६ वैसाख-जेठ

मानवअधिकारको दृष्टिकोणबाट वर्ष २०६५ का उपलब्धि र चुनौतीहरू

मानवअधिकार अवस्थाको बारेमा सञ्चारकर्मीलाई जानकारी दिनुहुँदै आयोगका अध्यक्ष केदारनाथ उपाध्याय

यसभित्र

१. दोलखा र रामेछापमा मानवअधिकार शिक्षा अभिमुखीकरण कार्यक्रम २
२. २०६५ मा जीवनको अधिकार ३
३. आयोगमा परेका उजुरीमाथि निर्णय र सिफारिस तथा कार्यान्वयनको अवस्था ७
४. बलपूर्वक बेपत्ता भएका व्यक्तिको अवस्था ५
५. मानवअधिकार सचेतना र अभिमुखीकरण कार्यक्रम सम्पन्न १०
५. २०६५ सालमा बालअधिकारको अवस्था ११
७. आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले दिनुभएको मन्तव्य १२
८. आन्तरिक विस्थापित व्यक्ति र आयोगका प्रयासहरू १३
५. मानवअधिकारको दृष्टिकोणबाट २०६५ को सुरक्षा अवस्था १४
१०. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था र आयोगको प्रयास १५
११. आयोगद्वारा संविधानसभा उप-निर्वाचनको अनुगमन १७
१२. ओएचसिएचआर प्रमुख पिल्लाई आयोग भ्रमणमा १५
१३. २०६५ सालमा आयोगका प्रेस विज्ञप्तिहरू १५
१४. राष्ट्रिय मानवअधिकार आयोगमा २०६५ सालमा दर्ता भएका उजुरीहरू २१
१५. Talking about - Trafficking in persons २२

मानवअधिकारको दृष्टिकोणबाट वर्ष २०६५ लाई नियाल्दा नेपाली जनताको लामो प्रतिक्षा र व्यग्रता साथ हेरिएको संविधानसभाको निर्वाचन सम्पन्न हुनुलाई अत्यन्त सकारात्मक रूपमा लिन सकिन्छ । निर्वाचित जनप्रतिनिधिद्वारा शासन गर्ने र आफ्ना प्रतिनिधिद्वारा शासित हुन पाउने मानवअधिकारको महत्वपूर्ण विषय भएकाले राष्ट्रिय मानवअधिकार आयोग लगायत राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घसंस्थाले संविधानसभा निर्वाचनको अनुगमन र पर्यवेक्षण गरेका थिए । संविधानसभाबाट देशमा पहिलो पटक राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीको निर्वाचन गरी जनप्रतिनिधिबाट राज्यसत्ताको प्रयोग हुन थाल्यो । १० वर्ष लामो सशस्त्र द्वन्द्वबाट चुनावमा भाग लिएको तत्कालीन नेकपा (माओवादी) ले संविधानसभाको ठूलो राजनीतिक दलको रूपमा मान्यता प्राप्त गऱ्यो र माओवादीकै नेतृत्वमा सरकारको गठन भयो । नयाँ सरकारको गठन पश्चात् मानवअधिकारको सुधार र शान्ति सुरक्षाको बहालीका लागि सरकारले तराई लगायत देशका विभिन्न भागमा आन्दोलनरत पक्षसँग वार्ता अगाडि बढाएको भए पनि आशातीत रूपमा त्यो सफल हुन सकेन ।

तराई र पूर्वी पहाडी क्षेत्रमा हतियारधारी समूहहरूद्वारा अपहरण, सम्पति कब्जा, फिरौती जस्ता घटनाबाट यो वर्ष जनजीवनमा भय र त्रास कायमै रह्यो । राज्यले पर्याप्त सुरक्षा गर्न सकेन भने दोषीलाई पक्राउ गरी कानुनी कारबाही गर्न सकेको पाइएन । राजनीतिक दलबाट बारम्बार गरिने बन्द-हड्तालबाट सर्वसाधारण आमनागरिकले दैनिक उपभोग्य सामग्रीको अभाव महसुस गरे । हिमाली भेग, मध्य र सुदूर पश्चिमका पहाडी जिल्लामा खाद्य पदार्थको अभावका कारण सर्वसाधारणको आधारभूत अधिकार प्रभावित बन्न पुग्यो । बारम्बार हुने बन्द-हड्तालले सर्वसाधारणको आवतजावत गर्ने, स्वास्थ्य संस्था, अस्पतालमा गई उपचार पाउने हक र बालबच्चाको विद्यालयमा गई शिक्षा आर्जन गर्ने हक गम्भीर रूपमा प्रभावित भए, यसलाई मानवअधिकारको दृष्टिबाट चुनौतीका रूपमा लिन सकिन्छ । बन्द-हड्ताल आव्हानकर्ताबाट जोरजबर्जस्ती गर्ने, बालबालिकालाई तारो बनाउने र बालबालिकालाई बन्द-हड्तालमा प्रयोग गर्ने कार्यले निरन्तरता पायो । .... क्रमश पृष्ठ ६ मा

मासिक सन्दर्भ

मानवअधिकारपत्र प्रकाशनको एक वर्ष

राष्ट्रिय मानवअधिकार आयोगको मुखपत्र 'मानवअधिकारपत्र' प्रकाशनको एक वर्ष पूरा भएको छ । मासिक रूपमा प्रकाशित हुने यस मुखपत्रको प्रकाशन गत वर्ष वैसाखदेखि सुरु गरिएको थियो । यस पटक मानवअधिकारपत्र संयुक्त अङ्कका रूपमा प्रकाशित भएको छ, र यो अङ्कमा वि.सं. २०६५ लाई मानवअधिकारको दृष्टिकोणबाट विभिन्न विषयहरूमा समीक्षा गरिएका तथ्यपरक आलेखहरूलाई मूल स्थान दिइएको छ । तसर्थ, यो संयुक्ताङ्क सबैका लागि संग्रहणीय हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

मानवअधिकारपत्रको हरेक अङ्कमा कुनै खास विषयलाई महत्व दिई त्यसका विविध पाटोहरूलाई गहिराइमा पुगी केलाउने प्रयास गरिएको थियो । यसको पहिलो अङ्क संविधानसभा निर्वाचनका बारेमा आयोगले गरेको अनुगमनका बारेमा केन्द्रित थियो । मानवअधिकारमैत्री संविधान निर्माणमा आयोगका प्रयासहरू (दोस्रो अङ्कमा), आयोगको वार्षिकोत्सव र आयोगका कार्यक्रमहरूको समीक्षा (तेस्रो अङ्कमा), महिला हिंसाविरुद्ध आयोगका प्रयासहरू (चौथो अङ्कमा) लाई केन्द्रित गरी मुखपत्रका अङ्कहरू प्रकाशित भए । यसैगरी, पाँचौं अङ्कमा मानव बेचविखन र दण्डहीनता विरुद्ध विशेष लेख, छैठौं अङ्कमा आयोगका पदाधिकारीको एक वर्षको समीक्षा, सातौं अङ्कमा आयोगको प्रतिवेदनको झलक, आठौं अङ्कमा
अन्तर्राष्ट्रिय मानवअधिकार दिवससम्बन्धी गतिविधि, नवौं अङ्कमा आयोगका सिफारिस कार्यान्वयनसम्बन्धी आयोगका प्रयासहरूबारे मानवअधिकारपत्र केन्द्रित थियो । यस्तै, दशौं अङ्कमा बेपत्ताबारे शिवपुरी अनुसन्धान प्रतिवेदनसम्बन्धी, एघारौं अङ्कमा प्रधानमन्त्रीलाई आयोगको स्मरणपत्रसम्बन्धी र बाह्रौं अङ्कमा आयोग र ओएचसिएचआरबीच सहकार्यसम्बन्धी विषयलाई मूल विषयवस्तुका रूपमा प्रकाशित गरिएको थियो ।

मुखपत्रको हरेक अङ्कमा 'मासिक सन्दर्भ' शीर्षक दिएर सम्पादकीय प्रकाशित गर्ने गरिएको छ । पहिलो अङ्कको सम्पादकीयमा मुखपत्र प्रकाशन आरम्भकै विषयलाई उठाइएको थियो भने अन्य अङ्कहरूमा विभिन्न समसामयिक विषयहरूमा मानवअधिकारका दृष्टिकोणबाट विश्लेषण गर्ने प्रयास गरिएको थियो । दोस्रो अङ्कको मासिक सन्दर्भका रूपमा शिक्षा प्राप्तिको अधिकारसम्बन्धी, तेस्रोमा खाद्य अधिकार र राज्यको दायित्वसम्बन्धी, चौथोमा, महिला हिंसासम्बन्धी, पाँचौं अङ्कमा मानव बेचविखनसम्बन्धी, छैठौंमा, आयोग पदाधिकारीको एक वर्ष अवधि पूरा गरेको समीक्षा, सातौं अङ्कमा नेपाल सरकारलाई आयोगको सुझावसम्बन्धी, नवौंमा आयोगका अध्यक्षले अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्देश, एघारौंमा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी, र बाह्रौंमा दण्डहीनता र मानवअधिकारका बारेमा समीक्षात्मक टिप्पणीहरू प्रकाशित गरिएको थियो ।

मानवअधिकारपत्रको प्रकाशनले आयोगमा उजुरीहरूको तथ्याङ्क अध्यावधिक गर्न सहयोग पुऱ्याएको छ । त्यस्तै, हरेक महिनाको मानवअधिकार अवस्थालाई आयोगले प्राप्त गरेको तथ्यका आधारमा विश्लेषण गर्ने कामले पनि देशको मानवअधिकार अवस्थालाई इङ्गित गर्न सजिलो पारेको अनुभव गर्न सकिन्छ ।

मानवअधिकारपत्रका हरेक अङ्कहरू पाँच हजार प्रति प्रकाशित हुन्छन् र आयोगका कार्यालयहरू मार्फत् तिनको निःशुल्क वितरण गर्ने गरिएको छ । केन्द्रीय तथा सबै क्षेत्रीय कार्यालयबाटले यो मुखपत्रलाई हरेक महिना हुलाकमार्फत् हरेक जिल्लाका सरोकारवालाहरूलाई पठाउने गरिन्छ । त्यसका अतिरिक्त यो पत्रको विद्युतीय संस्करण (डिजिटल कपि) लाई इमेल मार्फत् चार हजार ठेगानाहरूमा पठाइन्छ । त्यसैगरी, आयोगको वेबसाइट www.nhrcnepal.org मा पनि यसलाई पढ्न वा डाउनलोड गर्न सकिन्छ ।

आगामी दिनमा मानवअधिकारपत्रको अंग्रेजी संस्करण समेत निकाल्ने योजना छ । यसलाई मूर्त रूप दिन तपाईं विज्ञ पाठक वर्गको सुझाव, सल्लाह र प्रतिक्रियाको सदैव अपेक्षा गरिएको छ । मानवअधिकारपत्रको स्तरीकरणका लागि सुझाव, सल्लाह दिनुहुने आयोग परिवारका सदस्यहरू र आयोग बाहिरका शुभेच्छुकहरू सबैलाई हार्दिक धन्यवाद दिदै आगामी अङ्कहरूमा समेत सहयोगको अपेक्षा गरेका छौं ।

- सम्पादक

राष्ट्रिय मानवअधिकार आयोग

केन्द्रीय कार्यालय, ललितपुर

आयोगका पदाधिकारीहरू

अध्यक्ष	: केदारनाथ उपाध्याय
सदस्य	: रामनगीना सिंह
सदस्य	: गौरी प्रधान
सदस्य	: डा. लीला पाठक
सदस्य	: डा. के.बी. रोकाया
सचिव	: विशाल खनाल

दोलखा र रामेछापमा मानवअधिकार शिक्षा अभिमुखीकरण कार्यक्रम

ललितपुर/ राष्ट्रिय मानवअधिकार आयोगले दोलखा र रामेछाप जिल्लामा मानवअधिकार शिक्षा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ । गत चैत २५ गते दोलखाको चरिकोट र चैत २८ गते रामेछापको मन्थलीमा सम्पन्न यी अभिमुखीकरण कार्यक्रमहरूको उद्देश्य शिक्षाको विकास र विस्तारमा लागेका संस्था तथा व्यक्तिहरूलाई मानवअधिकार शिक्षा बारेमा अभिमुखीकरण गर्ने, विद्यालयमा मानवअधिकार शिक्षाको अवस्था बारेमा जानकारी लिने एवम् विद्यालयका शिक्षकमा मानवअधिकार सम्बन्धमा ज्ञान, अभिवृद्धि तथा प्रयोग अध्ययन गर्ने रहेको थियो ।

कार्यक्रममा 'मानवअधिकार र राष्ट्रिय मानवअधिकार आयोगको परिचय' सम्बन्धमा संरक्षण अधिकृत गीताकुमारी दाहाल तथा 'विद्यालय तहमा मानवअधिकार शिक्षा वर्तमान स्थिति, सम्भावना र चुनौतीहरू' विषयमा प्रवर्द्धन अधिकृत सम्झना शर्माले प्रस्तुति तथा सहजीकरण गर्नुभएको थियो । विद्यालयमा मानवअधिकार शिक्षा समायोजनका लागि आयोगका प्रयासहरू, विद्यालयमा मानवअधिकारमैत्री वातावरण निर्माणमा शिक्षक र सरोकारवालाको भूमिका, विद्यालयमा मानवअधिकार शिक्षा पठनपाठनमा देखिएका चुनौतीहरू र मानवअधिकार शिक्षा ज्ञान, प्रवृत्ति तथा प्रयोग अध्ययनबारे छलफल भएको थियो ।

अभिमुखीकरण कार्यक्रमका सहभागीहरूले देशको राजनीतिक परिवेशले व्यक्तिको मानवअधिकार प्रभावित हुने भएकाले यस्ता अभिमुखीकरण कार्यक्रमहरू राजनीतिक दलका नेताकार्यकर्तालाई दिनु पर्ने सुझाव दिए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा कार्यालयका अधिकृतहरू, प्रधानाध्यापक तथा शिक्षकहरू, पेसागत तथा गैरसरकारी संस्थाका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको उपस्थिति थियो ।

आयोगको रणनीतिक योजनामा मानवअधिकार शिक्षाको प्रवर्द्धन गर्नेसम्बन्धमा भएको र विद्यालय तहको पाठ्यक्रमहरूमा मानवअधिकार शिक्षा समावेश गर्ने आयोगको नीतिअनुरूप आयोगले शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र लगायत विभिन्न सरोकारवाला निकायहरूसँग अभिमुखीकरण, तालिम, छलफल, गोष्ठी र बैठकहरू सम्पन्न गर्दै आएको छ ।

२०६५ मा जीवनको अधिकार

संविधानसभाको परिणामसँगै प्रारम्भ भएको २०६५ साल जीवनको अधिकारको दृष्टिकोणबाट भने सुखद रहन सकेन । नेपाली जनताले संविधानसभाको निर्वाचनपछि शान्तिपूर्ण एवम् सुरक्षित जीवनयापनको अपेक्षा गरेको भए पनि विभिन्न सशस्त्र समूहको कारणले खासगरी तराईमा धेरै मानिसको जीवनहरण हुनपुग्यो । त्यस्तै, पहाडी क्षेत्रमा राजनीतिक दलका भ्रातृसङ्गठनहरू, मुख्यतः वाईसीएल र युथफोर्सका हिंसात्मक गतिविधिले गर्दा नागरिकहरूको जीवनको अधिकार अपेक्षित तवरले सुनिश्चित हुन सकेन । राजनीतिक दलका भ्रातृसङ्गठनहरूबाट भएका आपराधिक गतिविधिलाई सम्बन्धित राजनीतिक दलकै दबाबको कारणले गर्दा सुरक्षा संयन्त्रले प्रभावकारी रूपमा कानुनी कारबाही गर्न सकेन । अर्कोतिर विभिन्न आपराधिक तथा सशस्त्र समूहलाई नियन्त्रण गर्ने बहानामा यो वर्ष सुरक्षाकर्मीबाटै गैरकानुनी हत्याका घटनाहरू भए । प्रहरी-प्रशासनमा अझैपनि परम्परागत ढङ्गले चलिरहेकाले हिरासतमा लिइएका व्यक्तिलाई यातना दिने काममा यस वर्ष कमी आउन सकेन । नागरिक तथा अन्य सर्वसाधारणलाई सुरक्षाकर्मीबाट विभिन्न बहानामा धम्की दिने कार्य यस वर्ष जारी रह्यो ।

जीवनको अधिकारबारे सोधपुछ गर्दै आयोगको टोली

यो वर्ष हत्या, यातना, धम्की, अपरहण जस्ता मावनअधिकार उल्लङ्घनका घटनाहरू देशभरि नै भइरहे । तराईमा सशस्त्र समूहहरू र पार्टीहरूका भातृसंगठनहरूले खासगरी वाईसीएल र युथफोर्सले विभिन्न मानिसहरूलाई धम्की दिने, अपरहरण गरी कुटपिट तथा चन्दा असुली गर्ने जस्ता क्रियाकलापहरू जारी राखेकोले यस वर्ष नागरिकहरूको जीवनको अधिकार सुरक्षित हुन नसकेको हो । यो वर्ष जीवनको अधिकारलाई प्रभावित पार्ने काममा जनतान्त्रिक तराई मुक्ति मोर्चाका विभिन्न समूहहरू, थारु संयुक्त सङ्घर्ष समिति, थारु कल्याणकारिणी सभा, सुरक्षाकर्मी, राजनीतिक दलका भ्रातृसङ्गठनहरू मुख्य रूपमा जिम्मेवार देखिन्छन् ।

जीवनको अधिकार उल्लङ्घनसम्बन्धी देशभरि सयौं घटनाहरू भएतापनि आयोगमा सबै घटनाहरू दर्ता हुन सकेका छैनन् । यस वर्ष जीवनको अधिकार अन्तर्गत हत्यामा ११४ यातनामा १११ र धम्कीमा ४३ घटनाहरू आयोगमा दर्ता भए । आयोगको सुरक्षा शाखाले जनाएअनुसार, यो वर्ष मानवअधिकारबाट मृत्यु भएकाको संख्या २ सय ७८, २ सय ४ व्यक्तिको अपहरण भएको (यीमध्ये १०२ जना अपहरण मुक्त भएका छन् भने, बाँकीको अवस्था अज्ञात छ । एक गैरसरकारी संस्था (अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेक) को सन् २००८ को प्रतिवेदनमा राज्यपक्षबाट ५० जना र अन्य विभिन्न पक्षबाट ४९१ गरी जम्मा ५४१ जनाको हत्या भएको उल्लेख छ । आयोगमा परेका उजुरी र इन्सेकले उल्लेख गरेको हत्याको संख्याले यो वर्षलाई मानिसको जीवनको अधिकार जोखिमपूर्ण भएको वर्ष मान्न सकिन्छ ।

२०६५ मा आयोगमा परेका उजुरीहरू

संलग्न पक्ष	सुरक्षाकर्मी	एनेकपा (माओवादी)	अन्य
हत्या	५८	३०	२६
बेपत्ता/अपहरण	४३	३२	४८
यातना/दुर्व्यवहार	७२	३९	-
घाइते/कुटपिट	७	११	-
विस्थापित	४	३७	-
सम्पति कब्जा	२	३२	६
धम्की	१०	१५	१८
जम्मा	१९६	१९६	९८

वर्षको प्रारम्भदेखि नै तराईका जिल्लामा हतियारधारी विभिन्न समूहले व्यक्ति अपहरण गर्ने, फिरौती माग्ने, मार्ने धम्की दिने जस्ता गतिविधिहरू चर्काएकाले तराईको सीमावर्ती गाउँका वासिन्दा अझ बढी पीडित बने । अपहरित व्यक्ति लामो समयसम्म अज्ञात अवस्थामा रहनु, खोजतलास कार्यमा प्रहरी संयन्त्र प्रभावकारी नहुनु, तथा अपहरण मुक्तिका लागि फिरौती बापत मोटो रकम तिर्नुपर्ने बाध्यताले मानिसको आधारभूत जीवनको अधिकार संरक्षण गर्न राज्य सफल हुन सकेन । वर्षभरि नै विभिन्न सशस्त्र समूहले तराई छाड्न दिएको अल्टिमेटमका कारण राष्ट्रसेवक कर्मचारी तथा विभिन्न संस्थामा कार्यरत व्यक्तिहरूले असुरक्षा महसुस गरे ।

बैसाख : वैसाख १५ गते कोटेश्वरका रामहरि श्रेष्ठलाई नेकपा (माओवादी) ले कब्जामा लिई माओवादी सेनाको चितवनस्थित शक्तिखोर क्याम्पमा पुऱ्याई हत्या गरेको घटना महिनाकै सर्वाधिक आलोचनाको विषय बन्यो । तराईका जिल्लामा हतियारधारी विभिन्न समूहले व्यक्ति अपहरण गर्ने, फिरौती माग गर्ने नत्र मार्ने धम्की दिने जस्ता कार्यहरू गरिरहेकाले दुर्गम सीमावर्ती गाउँका वासिन्दा अझ बढी पीडित भए । अपहरित व्यक्ति लामो समयसम्म अज्ञात अवस्थामा रहनु, खोजतलास कार्यमा प्रहरी संयन्त्र प्रभावकारी नहुनु, तथा अपहरण मुक्तिका लागि फिरौती बापत मोटो रकम तिर्नुपर्ने बाध्यताले मानिसको आधारभूत मानवअधिकार संरक्षण गर्न राज्य असफल भएको देखियो । अपहरणकारीहरूले प्रायः भारतीय मटरसाइकल प्रयोग गर्ने, मोटरसाइकलमा ३ जना चढ्ने, हेलमेट नलगाउने गर्दछन् । तर, नियम विपरित सवारी साधन चलाउने व्यक्तिलाई प्रहरीले तदारुकताका साथ कारबाही गरेन ।

वाईसीएल र युथफोर्सका हिंसात्मक गतिविधिले गर्दा नागरिकहरूको जीवनको अधिकार अपेक्षित तवरले सुनिश्चित हुन सकेन । राजनीतिक दलका भ्रातृसङ्गठनहरूबाट भएका आपराधिक गतिविधिलाई सम्बन्धित राजनीतिक दलकै दबाबको कारणले गर्दा सुरक्षा संयन्त्रले प्रभावकारी रूपमा कानुनी कारबाही गर्न सकेन ।

जेठ : यो महिनामा खासगरी तराईका केही जिल्लाहरूमा विभिन्न समूहबाट केही व्यक्तिको हत्या भयो । आपराधिक समूहहरूले हत्याका निम्ति बालबालिकाको प्रयोग गरेको भनी सञ्चारमाध्यमले सार्वजनिक गरे । आयोगको मध्यपश्चिमाञ्चल कार्यालयमा जेठ महिनामा मात्रै सुरक्षाकर्मीद्वारा हत्या गरिएको भनी १५ उजुरीहरू परे । यी सबैजसो द्वन्द्वको समयमा भएका घटनाहरूतर्फ लक्षित छन् ।

तराईका सरकारी कार्यलयहरू, कलकारखाना र विद्यालयलाई लक्षित गरी तराईमा पटकपटक गोली प्रहार र बम विस्फोटनका घटनहरू भए । विभिन्न पक्षहरूबाट ठाउँठाउँमा राखिएका वा बेबारिसे बम बिस्फोटबाट बालबालिकाहरू घाईते हुने अवस्था कायमै रह्यो । संविधानसभाको चुनाव सम्पन्न भइसकेपछि तराईका सीमावर्ती भेगका नागरिकले असुरक्षा अनुभव गरिरहेका छन् । जनकपुर क्षेत्रमा जेठ

रोल्पा जिल्लाको दुर्गम गाउँमा व्यक्ति हत्यासम्बन्धी अनुसन्धानमा संलग्न आयोगको टोली ।

महिनामा पनि हत्या, गोली प्रहार र बम विस्फोटका घटनाहरू भएका छन् । फलस्वरूप, समाजमा भय र त्रासको वातावरण बढ्यो । तराई जनतान्त्रिक नामका विभिन्न समूहहरूले हत्या, अपहरण, जबर्जस्ती चन्दा, मार्ने धम्की जस्ता गतिविधिहरू तीव्र पारे । चन्दाकै विषयलाई लिएर जनकपुर र आसपास क्षेत्रका वित्तीय संस्थाहरू पनि प्रभावित भए । प्रहरीले हतियारसहित पक्राउ गरेका कतिपय व्यक्तिहरूलाई राजनीतिक दबाब दिएर छुटाउने प्रयास गरिएको भनी केही जानकारीहरू आयोगमा प्राप्त भएका छन् ।

असार : आपराधिक घटनाहरूका लागि यो महिना पनि उल्लेख्य रह्यो । बैतडी विजयपुर-७ गोरागाऊँका देवसिंह बिष्टको असार २५ गते गोली हानी हत्या भएकोसम्बन्धमा वाईसीएल कार्यकर्ताको संलग्नता भएको समाचारहरू सार्वजनिक भए । त्यसैगरी वाईसीएलकै कूटपीटबाट सप्तरीका जिल्ला शिक्षा अधिकारी मोहम्मद हसरत अलीको असार २८ गते मृत्यु भयो । गुलरियाका पूर्वमेयर एवम् नागरिक समाजका जिल्ला अध्यक्ष गोविन्दप्रसाद पाण्डेको असार १५ गते अज्ञात समूहबाट गोलीहानी हत्या भयो । साथै, विराटनगरस्थित नीलगिरी बालबालिका माविका प्रिन्सिपल जोहन प्रकाशको अज्ञात समूहले गोलीहानी हत्या गऱ्यो । जग्गा विवादमा टेकु हिउम खोल्चापाखाकी २४ वर्षीया संगीना रजकलाई वाईसीएल कार्यकर्ताले गम्भीर घाइते बनाए । भर्खरै गठन भएको नेकपा (एमाले) को 'युथ फोर्स'बाट सरकारी निकायका उच्चपदस्थ कर्मचारीहरू माथि दुर्व्यवहार भएका खबरहरू पनि यो महिना सार्वजनिक भए ।

साउन : यो महिनामा जनतान्त्रिक नामका विभिन्न समूहहरूले हत्या, अपहरण, धम्की र चन्दा जस्ता गतिविधिहरू तीव्र पारे । जनकपुरलगायत मध्य-तराईका विभिन्न भागमा दर्जनौं बम विष्फोटनका घटनाहरू भए । विभिन्न समूहले उद्योगी व्यापारीलाई अपहरण गर्ने र फिरौती असुल्ने, भौतिक कारबाहीको धम्की दिने, विभिन्न स्थानमा आक्रमणको निशाना बनाउने जस्ता गतिविधि गरिरहेकाले वित्तीय संस्थाहरूको काम कारबाही नराम्ररी प्रभावित भयो । प्रशिद्ध न्युरोसर्जन डा. उपेन्द्र देवकोटाकी छोरी साउन १९ गते अपहरणमा परिन् र फिरौती बापत ठूलो धनराशी तिरेपछि भोलिपल्ट मुक्त भइन् । धनुषा जिल्ला रघुनाथपुर गाविस-२ बस्ने नेकपा (एमाले) कार्यकर्ता नागेन्द्र यादवको साउन ३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) द्वारा गोली हानी हत्या भयो । त्यस क्षेत्रको सुरक्षास्थिति ज्यादै दयनीय भएको भनी आयोगले सरोकारवाला पक्षहरूलाई पटकपटक सचेत गराएको थियो । जनकपुरमा कार्यरत पत्रकारहरूलाई नेपाली भाषामा समाचार प्रकाशन/प्रसारण नगर्न विभिन्न सशस्त्र समूहले चेतावनी दिए ।

भदौ : आयोगको सुरक्षा शाखाले दिएको जानकारी अनुसार यो महिनामा जम्मा २० वटा गैरकानुनी हत्या भए । जसमा मुख्य रूपले तराईमा रहेका विभिन्न सशस्त्र समूहले तराईमा गरेका हत्याहरु उल्लेख्य रहे। यस प्रकारको घटनाले शान्ति सुरक्षाको स्थिति कमजोर बन्दै गएको थियो ।

असोज : खस्कँदो शान्तिसुरक्षाको अवस्थामा सुधार हुन नसकेकाले खासगरी मध्य तथा पूर्वी तराईका जिल्लाहरूमा बाँच्न पाउने अधिकारको व्यापक हनन् भयो । यो महिना मध्य-तराईमा मात्रै विभिन्न समूहहरूबाट १२ जना व्यक्तिको हत्या भयो । त्यसैगरी पाँचओटा बम विष्फोटका घटनामा थप तीनजना मारिए । मध्य-तराईमा विभिन्न समूहले २२ जना व्यक्तिको अपहरण गरेको सम्बन्धमा आयोगमा उजुरीहरू परेका थिए । यो अवधिमा बलपूर्वक बेपत्ता पारिएका तथा कब्जामा लिई अवस्था अज्ञात पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न सरकारबाट कुनै ठोस कदम चालिएन ।

कार्तिक : यो महिनामा मध्यमाञ्चल क्षेत्रबाट मात्रै नेकपा (माओवादी) को भ्रातृसङ्गठन योङ कम्युनिस्ट लिग तथा अज्ञात समूहबाट अपहरण र कब्जाका चारओटा घटनाहरू भए जसमा सात व्यक्तिहरू पीडित भए । यो महिना विभिन्न पक्षबाट ८ जनाको मृत्यु भयो । काभ्रे जिल्लाको एक हेल्थपोस्टमा काम गर्ने पियनलाई अज्ञात समूहले हत्या गऱ्यो । धादिङमा योङ कम्युनिस्ट लिग र युथफोर्सबीच भएको झडपमा योङ कम्युनिस्ट लिगका धादिङका कार्यकर्ता कृष्णबहादुर भण्डारीको मृत्यु भयो । धादिङमै बोक्सो भएको आरोपमा गाउँलेको आक्रमणबाट बरम साहिंला चेपाङको मृत्यु भयो । त्यसैगरी अज्ञात समूहको गोलीप्रहारबाट जनकपुरका रामप्रकाश सहनी र रौतहटका सुनिलप्रसाद यादवको हत्या भएको कुरा आयोगको जनकपुरस्थित कार्यालयले जनाएको छ । आयोगको बुटवल कार्यालयले जनाएअनुसार यो अवधिमा पश्चिम तराइका नवलपरासी, रुपन्देही र कपिलवस्तु जिल्लामा सशस्त्र समूहको गतिविधि तीव्र बन्यो, खासगरी कपिलवस्तुमा दिनहुँजसो ज्यादतिका घटनाहरू बढी भए ।

मङ्सिर : यो महिनामा देशका विभिन्न भागमा एक दर्जनभन्दा बढी हत्याका घटनाहरू भएका छन् । काठमाडौं स्युचाटार गाविस-२ का पुष्कर डंगोल (२२ वर्ष) र निर्मल पन्त (२४ वर्ष) को नेकपा (माओवादी) सम्बद्ध कार्यकर्ताबाट धादिङ जिल्लामा हत्या भयो । गत कार्तिक ३० गतेदेखि बेपत्ता भएका काठमाडौं ताहाचाल निवासी बालकहरू रितेश रौनियार र आशिष मानन्धर (दुवै १५ वर्ष) थानकोट क्षेत्रमा मृत

सिन्धुपाल्चोक जिल्ला कारागरामा बन्दीहरूको अवस्थाबारे सोधपुछ गर्दै आयोगको टोली

२०६५ भदौ २ गते सप्तकोशी बाँध भत्केर सुनसरी जिल्लामा भएको डुबानबाट सुरक्षित स्थानतर्फ जान उद्धारको पर्खाइमा रहेका सर्वसाधारण

फेला परे । बारा जिल्ला कलैया नगरपालिका-२ औधापुरकी पिलुवादेवी यादव (५२ वर्ष) लाई बोक्सीको आरोपमा हत्या गरियो । बाराकै बाराही गाविस-२ का ओमप्रकाश चौधरीको हत्या भयो, जनशक्ति क्रान्तिकारी नामको पार्टीले हत्याको जिम्मेवारी दाबी गरेको भनी सुरक्षा निकायले पुष्टि गऱ्यो । त्यस्तै, तराई जनतान्त्रिक मुक्ति मोर्चा (ज्वालासिंह) का कार्यकर्ताले पर्सा जिल्ला विरुवागुठी गाविस-३ बस्ने शिक्षक लोकनाथ गैरेको गोली हानी हत्या गरे । शान्ति-सम्झौता दोस्रो वर्षको अवधिको मानवअधिकार अवस्थाबारे विवरण सार्वजनिक गर्दै आयोगले कम्तीमा १४५ जना मानिसले जीवन गुमाउनु परेको तथ्य उल्लेख गरेको छ । कैलालीका पत्रकार जगतप्रसाद जोशी गत असोज २२ गतेदेखि बेपत्ता भएको भनी उजुरी परेको र निज जोशीको स्थिति पत्ता लगाउन आयोगले विभिन्न स्थानमा खोजी प्रयास गरेको थियो । यस कार्यालयबाट निजको खोजीका लागि आवश्यक पहल भैरहेको अवस्थामा निजको परिचय खुल्ने कागज तथा मानव कङ्काल मङ्सिर १३ गते कैलालीकै मालाखेती गाविसको जङ्गलमा फेला परेका थियो ।

पुस : आयोगको सुरक्षा ईकाइबाट प्राप्त तथ्य अनुसार यो महिनामा कम्तीमा १८ जना व्यक्तिको विभिन्न पक्ष र समूहबाट हत्या भयो । नियमित अनुगमनमा प्रशासनिक लापरबाहीका कारण पुस २० गते सप्तकोशी नदीमा डुङ्गा दुर्घटना हुँदा ६ जनाको मृत्यु भयो भने २ जना बेपत्ता भए । सिरहा जिल्ला गोविन्दपुर गाविस-९ का इन्दलकुमार महतो (वर्ष १९) लाई त्यसै जिल्लाको चन्द्रअयोध्यापुर गाविस-८ स्थित पानबारी भन्ने ठाँउमा सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरी हत्या गरेको भनी आयोगमा उजुरी पऱ्यो । पुस ९ गते सप्तरीको भगवतपुरका रामचन्द्र मण्डललाई मधेसी मुक्ति टाईगर्सका कार्यकर्ताहरूले गोली हानी हत्या गरे । पुस १६ गते सप्तरीकै राजविराजस्थित कोचावाखरीमा प्रहरी र सशस्त्र समूहबीच भीडन्तमा मधेस राष्ट्रिय जनतान्त्रिक पार्टीकाका लक्ष्मण मुखिया र ओमप्रकाश मालीको मृत्यु भयो ।

माघ : मानवअधिकार उल्लङ्घन वा ज्यादतीका कारणबाट यो महिना कम्तीमा ११ जनाको मृत्यु भयो । साथै, रौतहट जिल्लामा बम विष्फोटमा परी अन्य दुई जनाको मृत्यु भएको छ । माघ ३ गते सिरहा जिल्लाको शिवचोक नजिकै धानबारीमा ३ जनाको लाश फेला पऱ्यो । हत्या गरिएका तीनैजनालाई मधेसी राष्ट्र जनतान्त्रिक पार्टीले मारेको हुनसक्ने प्रहरीले जनायो । माघ २१ मा सिरहा जिल्लाबाट अपहरणमा परेका अजय महतोलाई अज्ञात अपहरणकारीले झुण्ड्याएर हत्या गरे । माघ २८ गते अखिल तराई मुक्तिमोर्चा गोइत समूहका विक्रान्त भनिने अल्लन यादवको सशस्त्र प्रहरीसँगको भिडन्तमा मृत्यु भयो । त्यस पार्टीका अन्य तीनजना हतियारसहित पक्राउ परे । त्यस्तै माघ २७ गते मधेस राष्ट्र जनतान्त्रिक पार्टी क्रान्तिकारीका सिरहा ईञ्चार्ज महान् सिंह भनिने मनोजकुमार यादवलाई आफ्नै पार्टीका कार्यकर्ताले गोली हानी हत्या गरे । दार्चुलाको ब्रम्हदेव गाविस सिमलीका सुरेन्द्रबहादुर बम (वर्ष २४) लाई रक्सी सेवन गरी होहल्ला गरेको आरोपमा स्थानीय प्रहरी चौकीको हिरासतमा राखिएकोमा भोलिपल्ट बिहान निजको मृत्यु भयो । यो घटनालाई शंकास्पद ठहऱ्याउँदै आयोगको कार्यालयले त्यस घटनाका बारेमा अनुगमन गरेको थियो ।

फागुन : धनुषा जिल्लास्थित जनकपुर चुरोट कारखानामा सुपरभाईजर पदमा काम गर्ने नरेन्द्र खातीलाई फागुन ५ गते जतमुमो (ज्वालासिंह) का कार्यकर्ताले गोली प्रहार गरी हत्या गरे । थारु कल्याणकारिणी सभा र थारु संयुक्त सङ्घर्ष समितिले आयोजना गरेको तराई बन्द खुलाउने क्रममा फागुन २२ गते प्रहरीको गोली लागी चितवनको बछ्यौली गाविस-३ का कमल चौधरी र शक्तिखोर गाविस-५ निवासी विपिन खड्काको मृत्यु भयो । यही आन्दोलनका क्रममा फागुन २३ गते प्रदर्शनकारीको आक्रमणमा परी चितवनको सौराहाचोक नजिक सशस्त्र प्रहरी बलका कुमार बुढाथोकीको मृत्यु भयो । महोत्तरी जिल्लाका डामीमडै गाविस-९ मा फागुन २४ गते आफैंले साथमा बोकेर लैजाँदै गरेको बम विस्फोटबाट तराई राष्ट्रिय मुक्ति सेनाका केन्द्रीय सैन्य कमान्डर रामवरण साह र धनुषा सैन्य कमान्डर विनोद पासवानको घटनास्थलमा नै मृत्यु भयो ।

चैत : २०६५ चैत्र महिनामा यस क्षेत्रको मानवअधिकार र नागरिक सुरक्षाको अवस्था सन्तोषजनक देखिएन । यस महिनामा महिला हिंसाका थुप्रै घटनाहरू सञ्चार माध्यमहरूमा आए । यस महिनामा घरेलु हिंसा, महिला बेचबिखन, बाल तथा मानव तस्करीका थुप्रै घटनाहरू घटाइएको सञ्चार माध्यमहरूमार्फत् सार्वजनिक भए । चैत्र १ गते जनतान्त्रिक मुक्ति मोर्चाको एक समूहले नेपाली कांग्रेस तथा एनेकपा (माओवादी) बाँकेको पार्टी कार्यालयमा शक्तिशाली बम विष्फोट गरायो । त्यस्तै १० गते भेरी अञ्चल यातायात व्यवस्था कार्यालयमा विष्फोट गराउने क्रममा एक आशंकित विष्फोटनकारीको मृत्यु भयो । सुर्खेतको दशरथपुरस्थित माओवादी लडाकुको शिविरका सेनाले गाउँमा पसी सर्वसाधारण माथि ज्यादती गरे । दाङमा पत्रकारमाथि आक्रमण र दुर्व्यवहारका घटनाहरू बढेको भन्दै १ गते पत्रकार महासंघ दाङले घोराहीमा विरोध कार्यक्रम गऱ्यो । दाङ जिल्लालाई सरकारीस्तरबाटै कमलरीमुक्त जिल्ला घोषणा भएको दुई महिना बितिसक्दा पनि ४ सयभन्दा बढी कमलरी बालिकाहरू दासतापूर्ण जीवन जीउन बाध्य भइरहे ।

प्रस्तोता: भीमप्रकाश ओली, संरक्षण अधिकृत

(पेज नं. १ बाट क्रमश) **मानवअधिकारको दृष्टिकोणबाट .....**

..... कोशी बाँध फुटेर पूर्वाञ्चल क्षेत्रमा हजारौं जनता विस्थापित हुन पुगे भने मध्य तथा सुदूर पश्चिममा बाढी पहिरोका कारण हजारौं जनता घरबारबिहीन हुन पुगे, त्यस्तै हजारौं विस्थापित भए । सशस्त्र द्वन्द्वको क्रममा आन्तरिक रूपमा विस्थपित भएका व्यक्तिहरूको लागि केही राहत कार्यक्रम ल्याएको थियो । तर विस्थापितका लागि पुनर्स्थापना, पुनएकीकरण, पर्याप्त राहत लगायतका कार्यक्रम प्रभावकारी रूपमा लागु हुन सकेनन् । काठमाडौं लगायत देशका विभिन्न भागमा आन्तरिक विस्थापितका विरोध कार्यक्रम जारी रहे भने राष्ट्रिय मानवअधिकार आयोगले समेत आन्तरिक विस्थापितका अधिकार संरक्षणका लागि विशेष जोड दियो । यसै अवधिमा आयोगले आन्तरिक विस्थापितको अवस्थाको सम्बन्धमा प्रतिवेदन समेत सार्वजनिक गऱ्यो ।

राष्ट्रिय मानवअधिकार आयोगको अनुगमनका आधारमा यो वर्षको मानवअधिकारको अवस्थामा निराशाजनक रह्यो । मूलतः व्यक्तिको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार, निर्बाध रूपमा आवागमनको अधिकार तथा शान्तिपूर्वक जीवनयापन गर्न पाउने हकहरू प्रभावित हुनपुगे । मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा संलग्न पत्रकार, कानुन व्यवसायी र समग्रमा मानवअधिकार रक्षक नै जोखिममा परेको पाइयो ।

मानवअधिकार र फौजदारी कानुनको उल्लङ्घन कार्यमा संलग्न दोषीलाई कानुनी दायरामा ल्याउन नसक्नु यो वर्षकै उल्लेख्य चुनौती रह्यो । राज्यले न्याय र सुव्यवस्था कायम राख्नका लागि समाजमा भएका अपराधलाई नियन्त्रण गर्न र घटनामा संलग्न व्यक्तिलाई कानुन बमोजिम कारबाही गर्नुपर्ने हुन्छ । तर दोषीलाई कानुनी कारबाही गर्नुको सट्टा नेपाल सरकारले विस्तृत शान्ति सम्झौता पछि भएका घटना समेत ३ हजारभन्दा बढी व्यक्ति विरुद्धका अदालतमा विचाराधीन फौजदारी मुद्दाहरू समेत फिर्ता लिने निर्णय गऱ्यो । सशस्त्र द्वन्द्वको सिलसिलामा भएका मानवअधिकार उल्लङ्घन र फौजदारी कानुनको उल्लङ्घनको विषयमा सत्य निरूपण आयोग, बेपत्ता आयोग जस्ता आयोगबाट छानविन भई तिनको निरूपण हुनुपर्नेमा एकपक्षीय रूपमा विस्तृत शान्ति सम्झौतालाई नै असर पार्ने गरी मुद्दा फिर्ता लिने निर्णयबाट नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको समेत उल्लङ्घन हुने गरी दण्डहीनताको संस्कृतिलाई निरन्तरता दिइयो ।

> ***सशस्त्र द्वन्द्वको सिलसिलामा भएका मानवअधिकार उल्लङ्घन र फौजदारी कानुनको उल्लङ्घनको विषयमा सत्य निरूपण आयोग, बेपत्ता आयोग जस्ता आयोगबाट छानविन भई तिनको निरूपण हुनुपर्नेमा एकपक्षीय रूपमा विस्तृत शान्ति सम्झौतालाई नै असर पार्ने गरी मुद्दा फिर्ता लिने निर्णयबाट नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौताको समेत उल्लङ्घन हुने गरी दण्डहीनताको संस्कृतिलाई निरन्तरता दिइयो ।***

राजनीतिमा अपराधीकरण र अपराधको राजनीतिकरण गर्ने कार्य यो वर्ष उल्लेख्य रह्यो । अपराधमा संलग्न व्यक्तिलाई छुटाउन राजनीतिक दबाब दिने कार्यले कानुन कार्यान्वयन गर्ने निकायको मनोबल उच्च रहन सक्ने अवस्था भएन । फलस्वरूप दण्डहीनताको संस्कृतिले निरन्तरता पायो । राजनीतिक दलका भ्रातृसङ्गठनहरू मूलतः वाईसीएल र युथफोर्सका अराजक गतिविधि र भीडन्तका कारण कानुन हातमा लिने प्रवृति हाबी भयो, यसले कानुनी शासनको प्रत्याभूतिमा प्रतिकूल असर पाऱ्यो । आयोगले गरेका सिफारिसको कार्यान्वयन नहुनु पनि यस वर्षको दुर्भाग्य हो तथापि २०६५ सालमा मानवअधिकारको दृष्टिकोणबाट कुनै उपलब्धिहरू हुँदै नभएका चाहीं होइनन् । केही उपलब्धिहरू यस प्रकार छन् :

उपलब्धिहरू :

– दश वर्ष लामो सशस्त्र द्वन्द्वको अवधिमा राज्यपक्ष तथा गैरराज्यपक्षबाट भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूमध्ये भैरबनाथ गणबाट व्यक्ति बेपत्ता पार्ने कार्यलाई मानवअधिकारको दृष्टिकोणबाट अति गम्भीर रूपमा लिन सकिन्छ। भैरबनाथ गणबाट बेपत्ता पारी मारिएका भनिएका व्यक्तिहरूको सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विशेषज्ञ सहितको टोलीबाट शिवपुरी क्षेत्रमा गम्भीर रूपमा अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गऱ्यो । दण्डहीनताको अन्त्यका लागि घटनामा संलग्न दोषीलाई कुनै पनि हालतमा उन्मुक्ति दिनु हुदैन भन्ने नजीर यो अनुसन्धानले प्रस्तुत गरेको छ ।

– पत्रकार वीरेन्द्र साह र उमा सिंहको हत्याको सम्बन्धमा साथै पत्रकार डेकेन्द्र थापाको शवोत्खनन् समेत गरेर अनुसन्धान सम्पन्न गरी आयोगले आवश्यक कारबाही अगाडि बढाएको छ ।

– नेपालमा पहिलो पटक भएको संविधानसभाको निर्वाचनमा आयोगले आफ्नो सम्पूर्ण जनशक्ति परिचालन गरी ६९ जिल्लामा निर्वाचन अघिको, निर्वाचनको समयमा र निर्वाचन पछिको मानवअधिकारको अवस्थाको बारेमा विस्तृत अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेको थियो । स्वच्छ र निष्पक्ष निर्वाचन मानवअधिकारको विषय भएकोले यसबाट सबै पक्षले सिक्ने मौका पाएका छन् ।

– विस्तृत शान्ति सम्झौताले आयोगलाई विस्तृत शान्ति सम्झौताको अनुगमन गर्न प्रदान गरेको क्षेत्राधिकारको आधारमा दिएको अधिकारबमोजिम आयोगले विस्तृत शान्ति सम्झौताको अवधिमा मानवअधिकार र मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सार्वजनिक गऱ्यो । तर, शान्ति सम्झौताबमोजिम गठन गरिनुपर्ने सत्य-निरूपण आयोग तथा बेपत्ता आयोग हालसम्म गठन हुन सकेका छैनन्

चुनौतीहरू :

– दण्डहीनताको संस्कृतिले गर्दा दोषीलाई कानुनी प्रक्रियामा ल्याउन नसक्नु मानवअधिकारको रक्षार्थ बाधकको रूपमा रह्यो यो वर्ष । दण्डहीनताकै कारण मानवअधिकार संरक्षण गर्ने र पीडीतलाई न्याय दिने कार्यमा बाधा पुग्न गएको छ ।

– राजनीतिक दल र तिनका भ्रातृसङ्गठनद्वारा कानुन आफ्नो हातमा लिने प्रचलनले गर्दा अपराधमा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन सकिएन । तराईमा आन्दोलनरत सशस्त्र समूहहरूबाट सर्वसाधारणहरू माथि हुने ज्यादती, अपहरण, चन्दा तथा धम्की जस्ता कार्यले पनि तराईमा मानवअधिकारको अवस्था खस्कँदो रह्यो ।

– राज्यबाट पर्याप्त शान्ति सुरक्षाको प्रत्याभूति हुन नसकी आमजनतामा भय र त्रासको अवस्थामा रहेको पाइयो । कानुन कार्यान्वयन गर्ने निकायको निष्कृयता, पटक-पटक हुने बन्द हड्ताल र राजमार्गमा हुने चक्काजाम आदिबाट आमजनताको मानवअधिकार जोखिममा पर्न गयो ।

– मानवअधिकार संरक्षण, पीडितलाई न्याय दिने र दोषीलाई कारबाही गर्ने कुरामा आयोगको सिफारिसहरू कार्यान्वयन हुन सकेनन् । यसले गर्दा मानवअधिकार उल्लङ्घनकर्ताको मनोबल बढ्न गई मानवअधिकारको अवस्था झन् कमजोर हुन पुग्यो ।

– मानवअधिकार आयोगका सिफारिस मात्र नभई राज्यले खर्च गरेर गठन भएका विभिन्न आयोगका प्रतिवेदनहरू समेत सार्वजनिक नहुनु र दोषीलाई कारबाही नहुनु अर्को चुनौती हो ।

– विस्तृत शान्ति सम्झौता २०६३ ले आयोगलाई अनुगमनको भूमिका दिएकाले विस्तृत शान्ति सम्झौताको मानवअधिकारसगू सम्बन्धित प्रावधानहरूको अनुगमन गर्दा सम्झौताका पक्षधर तत्कालीन नेकपा (माओवादी) र नेपाल सरकार दुवै पक्षबाट सम्झौताको अक्षरस पालना भएको पाईदैन ।

प्रस्तोता : ***यज्ञप्रसाद अधिकारी, उपनिर्देशक, संरक्षण महाशाखा प्रमुख***

आयोगमा परेका उजुरीमाथि निर्णय र सिफारिस तथा कार्यान्वयनको अवस्था

राष्ट्रिय मानवअधिकार आयोगबाट गरिएका सिफारिसहरू कार्यान्वयनको हालको प्रवृत्ति र प्रकृतिलाई हेर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सम्बन्धित मन्त्रालय वा निकायमा आयोगका अधिकांश सिफारिस कार्यान्वयनका लागि पत्राचार गर्ने कार्यमा सुधार देखिएको छ। यद्यपि त्यसरी गरिएको पत्राचारले कार्यान्वयनको रूप प्राप्त गर्न सकेको छैन। पछिल्ला दिनहरूमा सरकारले आयोगबाट क्षतिपूर्ति तथा अन्तरिम राहतका लागि गरिएका सिफारिसहरूमा उल्लेख भएबमोजिमको रकम उपलब्ध गराउनका लागि केही सकारात्मक प्रक्रियामा अघि बढाएको छ। तर यस्तो रकम प्राप्त गर्ने पीडितहरूको सङ्ख्या अत्यन्त न्युन छ। कार्यान्वयन गरिएका सिफरिसहरूमा पनि दोषी पहिचान गर्ने तथा पहिचान भएका दोषीउपर कानुनी कारबाही गर्ने कार्यले अझै प्राथमिकतामा पाएको छैन। आयोगको स्थापनाकालदेखि २०६५ चैत्र मसान्त सम्म १०,१६४ उजुरीहरू दर्ता भएकामा सोही अवधिसम्ममा जम्मा २,३३५ उजुरीहरू उपरको कारबाही टुङ्गोमा पुगेकोमा मानवअधिकार उल्लङ्घन भएको भनी जम्मा २८५ ओटा सिफारिसहरू सरकारलाई पठाइएको छ। यसरी पठाइएका सिफारिसमध्ये हाल पूर्ण रूपमा २१ र आंशिक रूपमा २२ ओटा सिफारिसहरू मात्र कार्यान्वयन हुनुले आयोगका सिफारिस कार्यान्वयन गर्न सरकारले प्राथमिकता नदिएको प्रष्ट देखिन्छ। यस बाहेक ७८ ओटा आयोगको सिफारिस कार्यान्वयनको प्रक्रियामा रहेका देखिएकाले ती सिफारिसहरू पूर्ण कार्यान्वयन हुनेमा आशा गर्न सकिन्छ। साथै बाँकी रहेका १६४ सिफारिसहरूको कार्यान्वयन सम्बन्धमा कुनै जवाफ प्राप्त भएको छैन।

१. स्थापना देखि २०६४ असार मसान्तसम्म उजुरीमाथि भएको निर्णयको अवस्था

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार आयोग ऐन २०५३ बमोजिम स्थापित भएपछि २०६४ सालको भदौ महिनाभरि कानुनी हैसियतमा आफ्ना गतिविधिहरूलाई अगाडि बढाएको थियो। नेपालको अन्तरिम संविधान २०६३ जारी भई आयोगका पदाधिकारीको नियुक्ति हुनुपूर्व उजुरी र उजुरी माथिको निर्णय अवस्था तल उल्लेख गरेबमोजिम रहेको थियो।

उजुरी परेको साल	जम्मा दर्ता भएका उजुरी	निर्णय भएका उजुरी	तामेलीमा राखिएका उजुरी	खारेज भएका उजुरी	जम्मा फछ्यौंट उजुरी
०५७।५८	५२८	१२			१२
०५८।५९	३०२	८	४२	२३	७३
०५९।६०	४८३	१४	५०	४६	११०
०६०।६१	१०८३	८	२८	३५	७१
०६१।६२	१७८२	३३	२३४	२६	२९३
०६२।६३	२३३१	७२	६०१	-	६७३
२०६३।०६४	१९४८	यस अवधिमा आयोग पदाधिकारी विहीन भएकोले कुनै पनि उजुरीमा निर्णय नभएको			
जम्मा	**८४५७**	**१४७**	**५५५**	**१३०**	**१२३२**

माथिको तालिकाबाट आयोग कानुनी हैसियतमा रहँदा विभिन्न मितिमा दर्ता भएका उजुरीहरू माथि २०६४ भदौ मसान्त सम्ममा गरेका सिफारिसहरू उल्लेखत छन्। यो अवधिमा आयोगले कूल १,२३२ उजुरीहरूमा निर्णय गरेको थियो। निर्णय भएका उजुरीहरूमध्ये १४७ उजुरीहरूमा मानवअधिकार संरक्षणका लागि नेपाल सरकारलाई सिफारिस गरिएको छ भने १,०८५ उजुरीहरूको कारबाही अन्त्य भएको छ। कुल ८४५७ उजुरीहरूमध्ये उक्त अवधिमा १,२३२ उजुरीउपर निर्णय भएको थियो।

२. स्थापना देखि २०६४ असार मसान्तसम्म गरिएका सिफारिसहरूको कार्यान्वयन अवस्था

यस अवधिमा आयोगमा परेका उजुरीहरूको अनुसन्धान तथा मानवअधिकार अवस्थाको अनुगमनपछि आयोगले गरेका निर्णयहरू कार्यान्वयनका लागि नेपाल सरकारसमक्ष सिफारिस गरी पठाइएको थियो। यसरी पठाइएका सिफारिसहरू र ती सिफारिसहरूमा भएको कार्यान्वयनको अवस्था तलको तालिकामा उल्लेख गरिएको छ।

सि.नं	सिफारिसको विषय	पूर्ण कार्यान्वयन	आंशिक कार्यान्वयन	कार्यान्वयन नभएको	जम्मा सिफारिस संख्या
१.	नीतिगत रुपमा भएका सिफारिसहरू	१	०	२८	२९
२.	बोक्सीको आरोप सम्बन्धमा भएका सिफारिसहरू	१३	०	०	१३
३.	सुरक्षाकर्मीबाट भएको मृत्यु	२	१४	३२	४८
४.	माओवादीबाट भएको मृत्यु	०	२	११	१३
५.	सुरक्षाकर्मीद्वारा वेपत्ता, यातना	०	२	९	११
६.	माओवादीबाट एम्बुस विष्फोट	०	२	०	२
७.	पुनः पक्राउ सम्बन्धमा	०	०	२	२
८.	अज्ञात विष्फोट	०	०	२	२
९.	अज्ञात हत्या	०	०	१	१
१०.	भिडन्तमा मृत्यु	०	०	१	१
११.	सुरक्षाकर्मीबाट घाइते	०	०	१	१
१२.	प्रतिकार समितिबाट मृत्यु	०	०	२	२
१३.	विविध सिफारिस	०	०	२२	२२
जम्मा		**१६**	**२०**	**१११**	**१४७**

राष्ट्रिय मानवअधिकार आयोगको स्थापना पश्चात् २०६४ साल असार मसान्तसम्म मानवअधिकार उल्लङ्घनका विभिन्न विषयमा आवश्यक कारबाहीको लागि १४७ ओटा सिफारिस पठाइएको देखिन्छ। यसमध्ये १६ ओटा मात्र सिफारिस पूर्ण रूपमा कार्यान्वयन भएको २० ओटा सिफारिसहरू आंशिक रूपमा कार्यान्वयन भएको र १११ ओटा सिफारिसमा कुनै कार्यान्वयन नभएको देखिन्छ। सिफारिस कार्यान्वयनको अवस्थालाई प्रतिशतको आधारमा हेर्ने हो



भने सँगै दिइएको रेखाचित्रले कूल सिफारिसहरूमध्ये ११ प्रतिशत सिफारिसहरूपूर्ण कार्यान्वयन भएको देखाउँछ । १४ प्रतिशत सिफारिसहरू आंशिक रूपमा कार्यान्वयन भए भने ७५ प्रतिशत सिफारिसहरूको कार्यान्वयन नभएको अवस्था छ । यस तथ्याङ्कमा विगत एक वर्षको अवधिमा समेत कुनै सुधार हुन सकेन ।

३. कार्यान्वयन हुन नसकेका केही महत्वपूर्ण सिफारिस

यस अवधिमा गरिएका १४७ सबै सिफारिसहरूको कार्यान्वयन हुनु उत्तिकै आवश्यक छ र सबैको समान महत्व पनि छ । तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा चर्चित हुन पुगेका कतिपय घटनाहरूको अनुसन्धान पश्चात् आयोगले गरेका सिफारिसहरू पनि कार्यान्वयन भएनन् । विगतमा गरिएका रामेछापको दोरम्बा, कालीकोटको कोटबाडा, जनकपुरमा सञ्जीवकुमार कर्ण समेत पाँच जनालाई बेपत्ता पछि मारिएको घटना तथा चितवनको माडी (बाँदरमुडे) घटनामा आयोगले गरेका सिफारिसहरूको कार्यान्वयनमा सरकारले तत्परता देखाउन सकेन । यस्तै राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारी दयाराम परियार समेतलाई मारिएको घटनामा पनि सरकारले कुनै अग्रसरता देखाएन । फलस्वरूप आयोगको सिफारिस कार्यान्वयनको माग गर्दै आयोगका कर्मचारीहरू सडकमा समेत जानु परेको थियो ।

४. २०६४ साउन १ देखि २०६५ चैत्र मसान्तसम्म उजुरीउपर निर्णयको अवस्था

मानवअधिकार उल्लङ्घनका जुनसुकै विषयमा आयोगमा दर्ता भएका उजुरीहरूमाथि अनुसन्धानबाट मानवअधिकार हनन भएको ठहर भएका उजुरीहरूमा मानवअधिकार संरक्षणको लागि आवश्यक व्यवस्था मिलाउन आयोगले नेपाल सरकारलाई सिफारिस गर्दैआएको छ । आयोगबाट यसरी भएका सिफारिसहरू अधिकांश दोषीलाई कारबाही र पीडितलाई क्षतिपूर्ति दिनको लागि भएका छन् । आयोगले मानवअधिकार अवस्थाको अनुगमन गरी प्राप्त तथ्यहरूको आधारमा सुधार गर्नु पर्ने विषयमहरूमा समेत सरकारलाई सिफारिस गरेको छ । आयोगबाट सिफारिस गर्दा मानवअधिकार हननका घटनाहरूमा पीडितले न्याय पाउन र भविष्यमा यस्ता घटनाहरू नदोहोरिउन् भन्ने ध्येय राखिएको छ ।

आयोगले २०६४ असोज २ गते मात्र संवैधानिक हैसियत प्राप्त गरेको भएपनि साउन १ गतेदेखि सो मितिसम्म कुनै पनि उजुरीहरू माथि निर्णय नभएकाले यस अवधिलाई २०६४ साउन १ गतेदेखि भनी उल्लेख गरिएको छ । संवैधानिक अङ्गको रूपमा स्थापित राष्ट्रिय मानवअधिकार आयोगमा यस अवधिमा १,७०७ ओटा मानवअधिकार हननसम्बन्धी उजुरीहरू दर्ता भएका छन्, जसमध्ये आयोगबाट भएको अनुसन्धानको आधारमा ११०३ ओटा उजुरीहरू माथि निर्णय भएको छ । आयोग संवैधानिक भएपछि हालसम्म परेका उजुरीमाथि आयोगबाट भएको निर्णयहरूको अवस्था तलको तालिकामा उल्लेख गरिएको छ ।

माथिको तालिकाबाट संवैधानिक अङ्गको रूपमा आफ्नो कार्यकाल सुरु गरेको राष्ट्रिय मानवअधिकार आयोगले उजुरीहरूमाथि २०६५ चैत्र मसान्त सम्ममा गरेका सिफारिसहरूको सङ्ख्या १३८ छ । यस अवधिमा आयोगले कूल १,१०३ उजुरीहरूमा निर्णय गरेको छ । निर्णय भएका उजुरीहरूमध्ये १३८ उजुरीहरूमा मानवअधिकार संरक्षणको लागि नेपाल सरकारलाई सिफारिस गरिएको छ भने ९६५ उजुरीहरूको कारबाही समाप्त भएको छ । आयोगमा परेका उजुरीहरूमध्ये ठूलो सङ्ख्यामा बलपूर्वक बेपत्तासम्बन्धी उजुरीहरू रहेका र ती उजुरीहरू माथिको अनुसन्धान एवम् प्रमाण सङ्कलन गर्ने कार्य जटिल भएकोले ती उजुरीहरू माथि अनुसन्धान भइरहेको अवस्था छ । औपचारिक रूपमै सशस्त्र द्वन्द्व समाप्त भई सकेको भए पनि यस अवधिमा पनि बलपूर्वक बेपत्ता पारेको भनी उजुरीहरू आयोगमा दर्ता भइरहेको अवस्था छ । तर यस अवधिमा दर्ता भएका बलपूर्वक बेपत्ताका अधिकांश घटनाहरू सशस्त्र द्वन्द्व अवधिमा घटेको पाइएको छ । यद्यपि सशस्त्र द्वन्द्वको समाप्ति पछि विशेष गरी तराईका सशस्त्र समूह तथा आपराधिक समूहबाट बेपत्ता पारिएको भनी आयोगमा उजुरी पर्ने क्रम जारी छ ।

५. २०६४ साउन १ देखि २०६५ चैत्र मसान्त गरिएका सिफारिसको कार्यान्वयन अवस्था

राष्ट्रिय मानवअधिकार आयोगले यस अवधिमा मानवअधिकार उल्लङ्घनका विभिन्न विषयमा आवश्यक कारबाहीका लागि १३८ ओटा सिफारिस पठाएको थियो । यसमध्ये ५ ओटा सिफारिस मात्र पूर्ण रूपमा कार्यान्वयन भएको, २ ओटा सिफारिसहरू आंशिक रूपमा कार्यान्वयन भएका छन् ७८ ओटा सिफारिसहरू कार्यान्वयनको प्रक्रियामा रहेको भन्ने जानकारी प्राप्त भएको छ । तर, ५३ ओटा सिफारिसहरूका बारेमा कुनै जानकारी प्राप्त हुन नआएको देखिन्छ । यो सङ्ख्यालाई प्रतिशतमा रूपान्तरण गर्दा केवल केवल ४ प्रतिशत सिफारिसहरू मात्र पूर्ण कार्यान्वयन भएका छन् । आंशिक रूपमा कार्यान्वयन भएको सिफारिस १ प्रतिशत र कार्यान्वयनको प्रक्रियामा ५७ प्रतिशत सिफारिसहरू रहेका छन् । बाँकी सिफारिसहरूका बारेमा कुनै जानकारी प्राप्त भएको छैन ।

सिफारिस कार्यान्वयनमा सरकारबाट भएका सकारात्मक प्रयासहरू

१. चितवन जिल्लाको कल्याणपुर गाविसमा तत्कालीन नेकपा (माओवादी) द्वारा बसमा विद्युतीय धराप विष्फोट गराईएको घटनाको सम्बन्धमा आयोगले प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा पठाइएको सिफारिसको बारेमा सिफारिस माथि आवश्यक कारबाही गरी आयोगलाई जनाकारी गराउनु भनी रक्षा मन्त्रालय र गृह मन्त्रालयमा पत्राचार गरी त्यसको जानकारी आयोगलाई पनि उपलब्ध गराएको ।

२. तराईमा भएको मधेशीहरूको आन्दोलनको क्रममा मृत्यु भएका व्यक्तिहरूलाई उचित राहत र क्षतिपूर्ति समेत उपलब्ध गराउन आयोगले गरेको सिफारिस बमोजिम सरकारबाट २३ जना मृतकको परिवारलाई प्रति परिवार १० लाखका दरले क्षतिपूर्ति उपलब्ध गराएको जानकारी आयोगमा प्राप्त भएको ।

३. कैलाली र कञ्चनपुर लगायत सुदूरपश्चिमाञ्चलका केही पहाडी जिल्लाहरूमा २०६५ सालको वर्षातको समयमा आएको बाढी पहिरोबाट भएको धनजनको क्षतिको उचित सम्बोधन र विस्थापितको लागि पुर्नस्थापनाको व्यवस्था गर्न भनी गरिएको सिफारिस पछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट शान्ति तथा पुर्ननिर्माण मन्त्रालय र गृह मन्त्रालयमा पत्राचार गरिएको ।

४. भूमिहीनहरूको अधिकार रक्षा र पुर्नस्थापनाको समस्यालाई उपयुक्त ढङ्गले सम्बोधन गर्न र उनीहरूको हक हितलाई प्रभावकारी रूपमा संरक्षण गर्न गराउन अविलम्ब उच्चस्तरीय भूमी सुधारआयोग गठन गर्न भनि गरिएको सिफारिसपछि आयोग गठन भएको छ ।

५. हलिया प्रथा उन्मूलनको लागि आयोगबाट सिफारिस भएको र त्यसपछि सरकारबाट समेत हलिया प्रथाको उन्मूलन भएको ।

६. कमलरी प्रथा उन्मूलन गर्नको लागि आयोगबाट गरिएको सिफारिसमा आवश्यक कारबाही गर्न स्थानीय विकास मन्त्रालयले स्थानीय विकास सहयोग शाखालाई निर्देशन गरी आयोगमा जानकारी गराइएको ।

७. सप्तरी जिल्ला हनुमाननगरको लिलजा ठाकुर राष्ट्रिय प्राथमिक विद्यालयमा सशस्त्र प्रहरी बलको दन्तकाली गणले प्रयोग गरी विद्यार्थीको पठनपाठनमा अवरोध उत्पन्न भएको पाइएकोले उक्त विद्यालयबाट सशस्त्र प्रहरी बललाई अविलम्ब हटाउन नेपाल सरकारलाई सिफारिस गरिएकोमा उक्त सिफारिस कार्यन्वयन भएको ।

बलपूर्वक बेपत्ता भएका व्यक्तिको अवस्था

नेपालमा २०५२ साल फागुन १ गतेबाट तत्कालीन नेकपा (माओवादी) ले सुरु गरेको सशस्त्र द्वन्द्व २०६३ साल मंसिर ५ गते नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्तिसम्झौतापछि औपचारिक रूपमा समाप्त भयो। एघार वर्ष लामो सशस्त्र द्वन्द्वको अवधिमा कति व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारियो भन्ने सम्बन्धमा यकीन तथ्याङ्क उपलब्ध छैन। राष्ट्रिय मानवअधिकार आयोग, मानव अधिकारको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्था, अन्तर्राष्ट्रिय रेडक्रस समिति (आईसीआरसी) तथा राज्यद्वारा बेपत्ता पारिएका परिवार समाज समेतसँग बेपत्ता पारिएका व्यक्तिहरूको आ-आफ्नै ढङ्गबाट तयार पारिएका तथ्याङ्कहरू छन्। तर, सशस्त्र द्वन्द्वको अवधिमा द्वन्द्वका पक्षधरहरूबाट बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको समष्टिगत तथ्याङ्क यही हो भन्न सक्ने अवस्था छैन। मानवअधिकारको क्षेत्रमा कार्यरत संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (ईन्सेक) ले प्रकाशित गरेको तथ्याङ्कमा सन् २००८ सम्ममा सुरक्षाकर्मीबाट ८२८ जना र तत्कालीन नेकपा (माओवादी) बाट १०५ जना गरी जम्मा ९३३ व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पारिएको उल्लेख छ। यस्तै आईसीआरसीले एक प्रतिवेदन प्रकाशित गर्दै १३०० जनाभन्दा बढी व्यक्तिहरू बेपत्ताको अवस्थामा रहेको जनाएको छ। राज्यद्वारा बेपत्ता पारिएका नागरिकका परिवारजन (बेपत्ता परिवार समाज) बाट प्राप्त विवरणमा १,१६२ जनाको नाम समावेस छ।

सशस्त्र द्वन्द्वको क्रममा सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएको भनी राष्ट्रिय मानवअधिकार आयोगमा २,२४२ उजुरीहरू दर्ता भएका छन्। यीमध्ये १,५७९ जना व्यक्तिको अवस्था सार्वजनिक भएको छ भने ६६३ जनाको अवस्था हालसम्म पनि अज्ञात छ, आयोगले तिनको अवस्थाबारे यथार्थ पत्ता लगाउन अनुसन्धान गरिरहेको छ। सशस्त्र द्वन्द्वको क्रममा तत्कालीन नेकपा (माओवादी) ले व्यक्तिहरूलाई कब्जामा लिई अवस्था अज्ञात पारिएको भनी १,०५१ जनाको उजुरीहरू आयोगमा दर्ता भएको थिए जसमध्ये ७७५ जनाको अवस्था सार्वजनिक भएको छ भने २७६ जनाको अवस्थाको बारेमा हालसम्म यथार्थ पत्ता लगाउन सकिएको छैन, र अनुसन्धान जारी छ। आयोगले यस वर्ष सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सम्बन्धी प्रतिवेदन प्रकाशित गऱ्यो। यसै वर्ष आयोगबाट बलपूर्वक बेपत्ता केही घटनाहरूको अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गरिएको छ। राज्यबाट बेपत्ता पारिएका २९ जनाका परिवारलाई प्रति परिवार रु. एक लाख राहत दिन तथा मारिएको पुष्टि भएका १० जनाका परिवारलाई प्रति परिवार रु.तीन लाख क्षतिपूर्ति दिन र दोषीलाई फौजदारी अभियोगमा सजाय गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ। तत्कालीन नेकपा (माओवादी) द्वारा कब्जामा लिई अवस्था अज्ञात पारिएका ५ जनाका परिवारलाई प्रति परिवार रु. १ लाखका दरले राहत उपलब्ध गराउन र मारिएको पुष्टि भएका एक जनाका परिवारलाई तीन लाख क्षतिपूर्ति उपलब्ध गराउन र दोषीलाई फौजदारी अभियोगमा सजाय गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ। आयोगले बेपत्ता पारिएका भनिएका एक जनाको सम्बन्धमा आवश्यक अनुसन्धान गर्न नेपाल सरकालाई सिफारिस गरेको छ।

बेपत्ता व्यक्ति बारे शिवपुरी अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा आयोगका पदाधिकारी तथा विशेषज्ञहरू

सशस्त्र द्वन्द्वको क्रममा सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएको भनी राष्ट्रिय मानवअधिकार आयोगमा २,२४२ उजुरीहरू दर्ता भएका छन्। यसमध्ये १,५७९ जना व्यक्तिको अवस्था सार्वजनिक भएको छ भने ६६३ जनाको अवस्था हालसम्म पनि अज्ञात छ,

सशस्त्र द्वन्द्वको क्रममा तत्कालीन नेकपा (माओवादी) ले व्यक्तिहरूलाई कब्जामा लिई अवस्था अज्ञात पारिएको भनी १,०५१ जनाको उजुरीहरू आयोगमा दर्ता भएको थिए जसमध्ये ७७५ जनाको अवस्था सार्वजनिक भएको छ भने २७६ जनाको अवस्थाको बारेमा हालसम्म यथार्थ पत्ता लगाउन सकिएको छैन, र अनुसन्धान जारी छ।

सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्न प्रदर्शन गरिदै।

२०६५ सालमा आयोगले बलपूर्वक बेपत्तासम्बन्धी केही गम्भीर प्रकृतिका घटनाहरूको समेत अनुसन्धान गरेको छ। नेपाली सेनाको भैरवनाथ गणबाट शिवपुरी क्षेत्रमा लगी ४३ व्यक्ति बेपत्ता पारिएको भन्ने सम्बन्धमा अघिल्लो बर्षदेखि थालिएको अनुसन्धानबाट प्राप्त प्रतिवेदन २०६५ पुस २ गते सार्वजनिक गरियो।

उक्त प्रतिवेदनमा राष्ट्रिय विधिविज्ञान विशेषज्ञ र वैज्ञानिक, फिनल्यान्डका अन्तराष्ट्रिय विधिविज्ञान विशेषज्ञहरू र फिनल्यान्डस्थित डिपार्टमेन्ट अफ फोरेन्सिक मेडिसिन, ल्याबोरेटरी अफ फोरेन्सिक बायोलोजी, र युनिभर्सिटी अफ हेलसिन्कीबाट प्राप्त अनुसन्धान प्रतिवेदनहरूको आधारमा त्यसक्षेत्रमा उत्खनन् गरिएको अवशेष पुरुष मानवको भन्ने पुष्टि भएको थियो। तर, उक्त अवशेष भैरवनाथ गणबाट बेपत्ता भएको भनिएका ४३ जनामध्ये कुनै व्यक्तिको भएनभएको सम्बन्धमा थप अनुसन्धान गर्नु पर्ने, उत्खनन् गर्दा भेटिएका अन्य नमूना वस्तुहरूमा मानव अवशेष नभेटिएको हुँदा उपरोक्त नक्साङ्कन स्थानमा लासहरू गाडिएको हुन नसक्ने निष्कर्ष निकालिएको थियो। यो घटनाको सम्बन्धमा आयोगले अनुसन्धान जारी राखेको छ।

सशस्त्र द्वन्द्वको क्रममा तत्कालीन नेकपा (माओवादी) ले दैलेख जिल्लाका पत्रकार डेकेन्द्रराज थापालाई कब्जामा लिई अवस्था अज्ञात पारेको भन्ने उजुरीको सम्बन्धमा आयोगको विशेषज्ञ सहितको अनुसन्धान टोलीले २०६५ असार ९ देखि २० गतेसम्म स्थलगत अनुसन्धान गरेको थियो । अनुसन्धानको क्रममा दैलेख जिल्लाको द्वारी गाविसबाट शवोत्खनन् गरी अनुसन्धान गर्दा उत्खनन् गरिएको शव निज डेकेन्द्रराज थापाको भएको पुष्टि भएकाले शव मृतकका परिवारलाई बुझाइएको थियो । उक्त घटनामा संलग्न दोषीलाई फौजदारी अभियोगमा कारवाही गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरिसकेको छ ।

सशस्त्र द्वन्द्वको समाप्तिसँगै व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पार्ने कार्यमा धेरै कमी आए पनि यस्तो कार्य पूर्ण रूपमा अन्त्य भएको छैन । नेपाल प्रहरीले २०६५ साल फागुन २० गते ललितपुरको सातदोबाटोबाट पक्राउ गरेका दुईजना नागरिकलाई बेपत्ताको अवस्थामा जिल्ला प्रहरी कार्यालय प्युठान पुऱ्याई थुनामा राखेको अदालतको सर्च टोलीले फेला पाऱ्यो । यसअघि ती व्यक्ति बेपत्ता भएको सम्बन्धमा सर्वोच्च अदालतले गरेको पत्राचारको जवाफमा सम्बन्धित अधिकारीहरूले निजहरूलाई पक्राउ नगरिएको भन्ने व्यहोराको लिखित जवाफ पठाएका थिए ।

नेपाल सरकारले २०६५ सालमा व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) अध्यादेश, २०६५ जारी गऱ्यो । तर उक्त विधेयक व्यवस्थापिका संसदबाट अनुमोदन हुन नसक्दा हाल खारेज भएको छ । आयोगले उक्त अध्यादेशको मस्यौदा विधेयक प्राप्त गरी पीडित व्यक्तिलगायत सरोकारवालाहरूसँग आवश्यक परामर्श गरी उक्त विधेयकमा सुधार गर्नेबारे नेपाल सरकारलाई सिफारिस पठाएको थियो । उक्त विधेयकले व्यक्तिलाई बेपत्ता पार्ने कार्यलाई अपराध घोषणा गर्नुको साथै सशस्त्र द्वन्द्वको क्रममा भएका बेपत्तासम्बन्धी घटनाहरूको छानबिन गर्न अधिकारसम्पन्न आयोग गठन गर्ने व्यवस्था गरेको थियो, तथापि विधेयकले कानुनी रूप लिँदासम्म आयोगका सिफारिसहरूलाई पूर्ण रूपमा समेटिएको पाइएन । सरकारले पारित गरेको उक्त अध्यादेशमाथि राजनीतिक सहमति जुट्न नसकेका कारण हालसम्म उक्त अध्यादेश लागु हुन सकेको छैन । आयोगले आफ्ना सुझाव सहित व्यवस्थापिका संसदको चालु अधिवेशनबाट उक्त अध्यादेश स्वीकृत हुने अपेक्षा गरेको भएपनि त्यसो हुन सकेन ।

सरकारले सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूलाई तत्काल राहत उपलब्ध गराउने नीति अध्यादेशमा समेटिएको र त्यसलाई कार्यान्वयन गर्न सरकारले प्रयास थालेको बुझिएको छ । नेपाल सरकारको नीतिबमोजिम सशस्त्र द्वन्द्वको क्रममा एक महिनाभन्दा बढी समय बेपत्ता पारिएका व्यक्तिहरूलाई प्रति व्यक्ति रु. २५ हजार राहत उपलब्ध गराउने तथा हालसम्म पनि अवस्था अज्ञात रहेका व्यक्तिका परिवारलाई प्रति व्यक्ति रु. १ लाख उपलब्ध गराउने कुरा अध्यादेशमा उल्लेख छ । नेपाल सरकार शान्ति तथा पुनःनिर्माण मन्त्रालय अन्तर्गतको राहत तथा पुनःस्थापना ईकाइमा द्वन्द्वको कारण बेपत्ता पारिएका १ हजार २७ जनाको विवरण राखिएको छ ।

नेपालमा देखिएको बलपूर्वक बेपत्तासम्बन्धी समस्या मूल रूपमा सशस्त्र द्वन्द्वसँग जोडिएको पाईन्छ । त्यस्ता व्यक्तिको अवस्थाबारे जानकारी पाउनु, पीडितलाई परीपूरणको व्यवस्था गर्नु तथा दोषीलाई कारवाही हुनु पर्ने विषयहरू मानवअधिकारका महत्वपूर्ण विषयहरू हुन् । सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षहरूबाट बेपत्ता पारिएको विषयमा तथ्य प्रमाण सङ्कलन गरी आयोगबाट गरिएका सिफारिसहरू उचित प्राथमिकताका साथ नेपाल सरकारले कार्यान्वयन नगरेकाले दण्डहीनताले प्रश्रय पाएको देखिन्छ ।

प्रस्तोता : वासुदेव बजगाईं/श्यामबाबु काफ्ले, संरक्षण अधिकृत

मानवअधिकार सचेतना र अभिमुखीकरण कार्यक्रम सम्पन्न

विराटनगर/ आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले ओखलढुङ्गा जिल्लाका सम्पूर्ण सरकारी कार्यालयका प्रमुखको सहभागितामा गत वैसाख १८ गते सदरमुकाम ओखलढुङ्गामा **मानवअधिकार र राज्यको दायित्व** विषयक कार्यशालको आयोजना गऱ्यो । सरकारी कार्यालयका कार्यालय प्रमुखहरूलाई राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य र अधिकार तथा गतिविधिका बारेमा जानकारी दिने तथा विशेषगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको क्षेत्रमा सरकारी कार्यालयको भूमिकाका सम्बन्धमा छलफल गरिएको थियो । यो कार्यक्रममा आयोगका क्षेत्रीय निर्देशक सुवर्णकुमार कर्माचार्यले राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य र अधिकारका बारेमा सहजीकरण गर्नुभएको थियो ।

ओखलढुङ्गा जिल्लाका प्रमुख जिल्ला अधिकारी चन्द्रप्रसाद पन्तले आयोग मानवअधिकार प्रवर्द्धन गर्ने संवैधानिक निकाय भएकाले सबै सरकारी निकायले सक्रिय सहयोग गर्नुपर्ने दायित्व रहने हुँदा आफू सक्दो सहयोग गर्न तयार रहेको बताउनु भयो । कार्यक्रममा स्थानीय विकास अधिकारी, जिल्ला शिक्षा अधिकारी लगायतका सरकारी कार्यालयका कार्यालय प्रमुखले आफ्नो कार्यालयले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको क्षेत्रमा गरेका कार्यहरूको बारेमा जानकारी दिनुभएको थियो ।

त्यसैगरी, आयोगको पूर्वाञ्चल कार्यालयले ओखलढुङ्गा जिल्लामा विभिन्न समूहमा तीनओटा छुट्टाछुट्टै एक-एक दिने अभिमुखीकरण तालिम कार्यक्रमको आयोजना गऱ्यो । गत वैसाख १७ गते ओखलढुङ्गा क्याम्पसका विद्यार्थीहरूलाई मानवअधिकार, राष्ट्रिय मानवअधिकार आयोग र शिक्षाको अधिकारको सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । त्यस्तै, कार्यक्रम वैसाख १८ गते ओखलढुङ्गा जिल्लाका क्याम्पस तथा विद्यालयमा अध्यापनरत ३० जना शिक्षक-शिक्षिकालाई लक्षित गरी सञ्चालन गरिएको थियो । वैसाख २० गते ओखलढुङ्गा जिल्लामा कार्यरत सञ्चारकर्मीहरूका लागि पत्रकारिता र मानवअधिकार विषयक अभिमुखीकरण कार्यक्रम सञ्चालन गऱ्यो । यो कार्यक्रममा मानवअधिकार र राष्ट्रिय मानवअधिकार आयोगको बारेमा जानकारी दिनुका साथै सूचनाको हक र मानवअधिकारमैत्री रिपोर्टिङ तथा मानवअधिकार पत्रकारिताको बारेमा प्रस्तुतिकरण गरिएको थियो । उल्लिखित सबै अभिमुखीकरण कार्यक्रमहरूमा आयोगका क्षेत्रीय निर्देशक सुवर्णकुमार कर्माचार्य तथा प्रवर्द्धन अधिकृत बालकृष्ण पोखेलले सहजीकरण गर्नुभएको थियो ।

पोखरा/ आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले लुम्बिनी अञ्चलका विभिन्न तीन जिल्ला (नवलपरासी, कपिलवस्तु र रुपन्देही) का सरोकारवालाहरूलाई लक्षित गरी 'आधारभूत महिला अधिकार र लैङ्गिक समानता' विषयक तालिम कार्यक्रम सम्पन्न गरेको छ । गत वैसाख २-४ गतेसम्म नवलपरासीको गैंडाकोटमा सम्पन्न उक्त कार्यक्रममा मानवअधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था, सरकारी निकाय, सञ्चारमाध्यम, राजनीतिक दलका प्रतिनिधि तथा जिल्लाका कानुनव्यवसायी समेतको सहभागिता रहेको थियो । सो कार्यक्रममा स्रोत व्यक्तिका रूपमा काठमाडौं स्कुल अफ ल का सह-प्राध्यापक रिता मैनाली र एड्भोकेसी फोरम रुपन्देहीका संयोजक शिव गौडेलले आधारभूत महिला अधिकार र लैङ्गिक समानताका विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो । आयोगका निमित्त क्षेत्रीय निर्देशक अच्युत आचार्य र प्रवर्द्धन अधिकृत सरिता शर्मा पराजुलीले कार्यक्रममा सहजीकरण गर्नुभएको थियो । त्यसैगरी, आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले स्याङ्जा जिल्लामा मानवअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था, सरकारी तथा सुरक्षा निकाय, सञ्चारमाध्यम, महाविद्यालय तथा जातीय संस्थाका प्रतिनिधिहरूलाई 'मानवअधिकारमैत्री संविधान निर्माणमा सरोकारवालाको भूमिका' विषयक एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

२०६५ सालमा बालअधिकारको अवस्था



बालबालिकाले आफ्नो अधिकारको बारेमा आफै वकालत गर्न नसक्ने भएकाले उनीहरूको अधिकारका बारेमा अरुले नै संरक्षण गरिदिनु पर्ने दायित्व छ। बालअधिकार महासन्धि, १९८९ ले बालबालिकाको परिपालनासम्बन्धी दायित्व अविभावक तथा राज्य दुवैमा रहने व्यवस्था गरेको छ। नेपाल यो महासन्धिको पक्षराष्ट्र भएकाले बालअधिकार संरक्षणमा यो महासन्धिले विशेष महत्व राख्दछ।

निकृष्ट प्रकारको बालश्रमसम्बन्धी अन्तर्राष्ट्रिय श्रमसङ्गठन महासन्धि न. १८२ को धारा २ ले 'बालबालिका' भन्ने शब्द १८ वर्षभन्दा कम उमेरका सबै व्यक्तिहरूको लागि प्रयोग गरिने छ भनी उल्लेख गरेको छ। तर बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २ (क) ले भने १६ वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई बालबालिका सम्झनु पर्छ भनेको छ। त्यसैगरी बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ को दफा २ (क) अनुसार 'बालक भन्नाले १६ वर्ष उमेर पूरा नगरेको मानिसलाई सम्झनु पर्दछ' भनी परिभाषा गरेको छ। उमेरमा एकरूपता नभएकाले बालबालिकाको उमेर निर्धारण सन्दर्भमा अन्तर्राष्ट्रिय मापदण्डलाई नै अनुशरण गर्ने प्रचलन बढ्दै गएको छ। बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९८ को धारा १ अनुसार 'बालबालिका भन्नाले बालबालिकासम्बन्धी कानुनले पहिले नै बालिग हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका मानिसलाई बुझ्नुपर्छ' भनी परिभाषित गरेको छ। यद्यपि यो महासन्धि अन्तर्गतका ऐच्छिक प्रलेख एवम् दस्तावेजहरूमा भने १८ वर्षको उमेर भएकालाई बालबालिका मानिएको छ। २०५८ सालको जनगणना मुताबिक हाम्रो देशमा १८ वर्षमुनि ४७.५ प्रतिशत बालबालिका छन्।

विश्वका करिब १९६ राष्ट्रहरूले अनुमोदन गरिसकेको यस महासन्धिमा प्रमुख ४ बालअधिकारहरू जीवनको अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारलाई विशेष रूपमा व्याख्या गरिएको छ। यी अधिकारहरूको संरक्षण गर्न राज्यले पर्याप्त काम गर्न सकेको छैन। नेपालमा बालबालिकाहरू पोषणयुक्त आहार, सुरक्षित आवास, स्वस्थ वातावरण, सफा पानी, खोप तथा प्राथमिक उपचारसम्बन्धी अधिकारहरूबाट वञ्चित छन्। साथै, बालहत्या, नवजात शिशुको हत्या, आत्महत्याजस्ता घटनाहरूले बालबालिकाका अधिकारहरू अझ बढी हनन् भइरहेको अवस्था छ। घरेलु कामदारको रूपमा १७,८०३ जना बालकालिका रहेको र उनीहरूमध्ये धेरैजसो घरेलु हिंसाबाट पीडित भएका छन्। त्यस्तै, बालबालिकाको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूका बारेमा राज्य वा गैरराज्य पक्षबाट समेत उचित प्राथमिकता र चासो दिन सकिएको अवस्था छैन। उदाहरणका लागि नेपालमा बालबालिका भोकमरी, विस्थापन, गास, बास र औषधोपचारको अभावबाट ग्रसित छन्। उनीहरू छाउपडी प्रथा, कमलरी प्रथा र हलिया प्रथाबाट प्रभावित भएको अवस्था छ भने उनीहरू समेत जातीय विभेदको सिकार समेत हुन पुगेको देखिन्छ।

नेपालमा बालअधिकारको संरक्षणमा देखिएका चुनौतिहरू

- आयोगको सिफारिस कार्यान्वयन नहुनु,
- दण्डहीनता कायमै रहनु,
- बालबालिकासम्बन्धी संशोधित ऐन पारित एवम् आयोगहरूको गठन हुन नसक्नु
- विस्तृत शान्तिसम्झौता, २०६३ को पूर्ण पालना हुन नसक्नु,
- कमजोर सुरक्षास्थिति,
- सङ्घसंस्थाहरूबीच प्रभावकारी संयन्त्र र समन्वयमा कमी ।

केन्द्रीय बालकल्याण समितिले ३७ जिल्लामा कुल ४५४ बालगृह सञ्चालनमा रहेकोमा ३२१ मात्र विधिवत सञ्चालनमा रहेको र बालगृहमा रहेका कुल ११ हजार ९ सय ६९ मध्ये सबैभन्दा बढी बालबालिका काठमाडौंमा रहेको देखाएको छ। ७५ जिल्लामै जिल्ला अदालतका न्यायधीश तथा बालमनोवैज्ञानिक समेत रहनुपर्ने व्यवस्था भए पनि कार्यान्वयन पक्ष ज्यादै फितलो छ। कतिपय बालबालिकाहरू जेलमा अभिभावकसँगै आश्रित रहनुपरेको स्थिति छ। यो स्थितिलाई समाप्त गर्न आवाज उठेको भए पनि २०६५ सालमा कुनै उल्लेख्य काम गर्न सकिएको छैन।

बालबालिकाको शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासका लागि आवश्यक पर्ने सुविधा र अवसरहरू प्राप्ति हुन नसकेको अवस्था छ। शैक्षिक दृष्टिकोणबाट पनि यो अवधि उत्साहजनक रहेन। शिक्षक, विद्यार्थी सङ्गठन, राजनीतिक दल सबैको माग पूरा गराउन विद्यालयलाई तारो बनाइएको अवस्था छ। तराई तथा पूर्वी पहाडी जिल्लाहरूमा चलेको बन्द, हड्ताल तथा आन्दोलनको लहरले प्रवेशिका परीक्षा लगायत अन्य विद्यार्थीहरूको पढाइमा अवरोध पुगेको छ।

राष्ट्रिय मानवअधिकार आयोगको नवौं वार्षिकोत्सवको उपलक्ष्यमा

आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले दिनुभएको मन्तव्य

भद्र महिला तथा सज्जनवृन्द,

आज हामी राष्ट्रिय मानवअधिकार आयोगको नवौं वार्षिकोत्सव मनाउन भेला भएका छौं । हामीलाई साथ दिन, हाम्रो उमङ्ग र उल्लासमा सहभागी हुनुभएका सम्माननीय प्रधानमन्त्रीज्यू लगायत हाम्रा सबै विशिष्ट अतिथिहरूलाई म हार्दिक स्वागत र अभिनन्दन गर्दछु ।

आजको दिनले मानवअधिकारको मूल्यमान्यतालाई आन्तरीकरण गर्ने हाम्रो उद्देश्य र प्रयासहरूको स्मरण हामीलाई गराउँछ । मानव जातिले हासिल गरेका सभ्य संस्कृति, संस्कार वा परम्परा विश्वका समस्त मानव सन्ततिकै साझा विराशत हो । राजनीतिक दर्शन र मत-मतान्तरमा विभेद हुनसक्छ, तर मानवअधिकारको मूल्य-मान्यता र मापदण्ड सबै मानव सन्ततिका लागि एकनासको छ, त्यसमा कुनै विभेद छैन । त्यसको सम्मान गर्ने, संरक्षण र सम्वर्द्धन गर्ने राष्ट्रिय मानवअधिकार आयोग र मानवअधिकारवादी गैरसरकारी संस्थाहरूको मात्रै कर्तव्य होइन । राजनेता र राजनीतिक दलहरूले आफ्नो पनि त्यतिकै कर्तव्य हो भन्ने नस्वीकारेसम्म हाम्रा प्रयासहरू सफल हुन सक्तैनन् भन्ने कुरा हामीले अनुभूत गरिराखेका छौं । छुवाछुत र जाति–पातिको कारण मानिसलाई अपमानित गर्ने, डाइन, बोक्सी भनी वृद्धवृद्धाको हिंसा गर्ने जस्ता सामाजिक कुरीति हटाउन र दण्डहीनता अन्त्य गरी कानुनको शासन स्थापना गर्न राजनीतिक दलहरूको महत्वपूर्ण भूमिका हुन्छ । गाउँगाउँमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका अतिरिक्त अपराधको राजनीतिकरणलाई निषेध गर्न सरकार र राजनीतिक दलहरूको संयुक्त अभियानले मानवअधिकारको वर्तमान स्थितिमा उल्लेखनीय सुधारको अपेक्षा गर्न सकिन्छ ।

> *राष्ट्रिय मानवअधिकार आयोगको स्थापनाकालदेखि २०६३/२०६४ सालसम्म आयोगमा जम्मा ८,४५७ उजुरी दर्ता भएकोमा १४७ मा सिफारिस भई १,२३२ उजुरी फछ्यौंट भएको देखिन्छ भने २०६४ उपरान्त २०६५ चैत्र मसान्त सम्ममा १,७०७ उजुरी दर्ता भएकोमा १३८ थानमा सिफारिस भै १,१०३ उजुरी फछ्यौंट भएको देखिन्छ ।*

राष्ट्रिय मानवअधिकार आयोगको स्थापना मुलुकमा चर्किएको सशस्त्र द्वन्द्वको समयमा भएको सर्वविदितै छ । द्वन्द्वकालमा जफत सम्पति फिर्ता गर्नु पर्ने, बलजफ्ती बेपत्ता व्यक्तिको स्थिति सार्वजनिक हुनु पर्ने र मानवअधिकार उल्लङ्घन गर्नेहरूउपर कानुनी कारबाही हुनु पर्ने जस्ता चुनौतीहरू यस आयोग समक्ष बाँकी नै छन् । आयोग संवैधानिक अङ्गमा परिणत भएपछि पनि निरन्तर भएका मानवअधिकार हनन्का दोषीहरूलाई कानुनको दायरामा ल्याउन राज्यस्तरबाट सशक्त र प्रभावकारी प्रयास हुन सकेको छैन । अर्कोतिर नेपाल पक्ष रहेका मानवअधिकारसम्बन्धी महासन्धि, अनुबन्ध र आलेखहरूलाई राष्ट्रिय कानुन र योजना कार्यान्वयनमा ल्याउने कार्य पनि हुन सकेको छैन ।

मुलुकको प्राकृतिक सम्पदा, स्रोतसाधनहरू र आर्जित जैविक ज्ञानहरूबाट सबै नागरिकको जीवनशैली र स्तरमा गुणात्मक परिवर्तन ल्याउन राज्यबाट प्रयास हुनु पर्दछ । मानवअधिकारको सम्मान र संवर्द्धनबाटै जनताले विकासको अनुभूति गर्न पाउँछन् । विस्तृत शान्ति सम्झौता र तद्उप्रान्तको शान्ति प्रक्रिया निर्धारित समयभित्र संविधानसभाबाट संविधान निर्माणका लागि प्रयोजित छ । निर्धारित समयभित्रै नेपालको संविधान बनाउनु आजको एक मात्र राष्ट्रिय एजेन्डा हो । मानवअधिकारमैत्री संवैधानिक संरचना बेगर जनताको सार्वभौमिकता निरर्थक हुने भएकाले मानवअधिकारको रक्षा र संवर्द्धन हाम्रो साझा सरोकार र पहलको विषय हुनुपर्छ । प्रबुद्ध समुदायलाई यस सम्बन्धमा विशेष व्याख्यान गर्न म आवश्यक देख्दिन ।

राष्ट्रिय मानवअधिकार आयोगको स्थापनाकालदेखि २०६३/२०६४ सालसम्म आयोगमा जम्मा ८,४५७ उजुरी दर्ता भएकोमा १४७ मा सिफारिस भई १,२३२ उजुरी फछ्यौंट भएको देखिन्छ भने २०६४ उपरान्त २०६५ चैत्र मसान्त सम्ममा १,७०७ उजुरी दर्ता भएकोमा १३८ थानमा सिफारिस भै १,१०३ उजुरी फछ्यौंट भएको देखिन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ द्वारा राष्ट्रिय मानवअधिकार आयोग संवैधानिक अङ्गमा परिणत भएपछि पनि १५ महिनाको लामो अवधिसम्म आयोगको गठन नभएका कारणले उजुरी फछ्यौंट र सिफारिसको काम हुन सकेन । तसर्थ, संवैधानिक निकायमा परिणत भैसकेपछि आयोगबाट गरिएका सिफारिसमध्ये ४ प्रतिशतमा पूर्णतः सिफारिस कार्यान्वयन भएको र ५७ प्रतिशतमा कार्यान्वयन प्रक्रियामा रहेको भन्ने जवाफ आयोगले प्राप्त गरेको छ । तथापि, आयोगबाट भएका ३८ प्रतिशत सिफारिसहरूमा कुनै कारबाही नहुनाले सिफारिस कार्यान्वयनको स्थिति सन्तोषप्रद रहेको पाइदैन ।

श्रद्धेय अतिथिवृन्द, यहाँहरूको अवलोकनार्थ र वितरणका लागि राखिएका तथ्याङ्कका सम्बन्धमा केहिं जिज्ञासा भए आयोगका सम्बन्धित पदाधिकारीबाट बुझ्न सकिने छ । विगतमा जस्तै आउदा दिनहरूमा समेत तपाईंहरूको सद्भाव र सहयोगको आयोग अपेक्षा गर्दछु ।

धन्यवाद । *२०६६ जेठ १३*

वि.सं २०६५ मा आयोगको केन्द्रीय कार्यालयमा बालअधिकारसम्बन्धी १३ वटा उजुरीहरू परेका थिए भने यस अघि नै दर्ता भएका ७९ उजुरीहरूको फछ्यौंट हुन बाकी रहेका छन् । प्राप्त उजुरीहरू विशेष गरी एनेकपा (माओवादी) को सैन्य शिविरमा रहेका बालसैन्य, शिक्षकद्वारा दुर्व्यवहार, घरेलु कामदार राखिएको तथा दुर्व्यवहार, द्वन्द्वकालीन समयमा सुरक्षाकर्मी, प्रहरी तथा एनेकपा (माओवादी) बाट हत्या, बालसुधारगृहमा नराखी कारागारमा राखिएको, प्रहरीद्वारा यातना, अविभावकको सहमति बिना धर्मसन्तानका रूपमा बालिकालाई विदेश पठाइएको जस्ता घटनाहरू छन् ।

विभिन्न २५ जिल्लामा अनुगमन एवम् १९ अनुसन्धान पूरा गरी प्राप्त तथ्यको आधारमा आयोगले नेपाल सरकारलाई १३ ओटा सिफारिस गरेको छ । सिफारिस गरिएका विषयहरूमा बालसैनिकलाई बिनासर्त शिविरबाट बाहिर निकाली समाजमा पुनःस्थापना, पुनःएकीकरण, सामाजिक पुनःमिलन लगायत उनीहरूलाई शिक्षा, तालिम, रोजगार लगायतको व्यवस्था मिलाउने आदि छन् ।

आयोगले बालअधिकारको प्रवर्द्धन गर्ने कार्यमा पनि उत्तिकै जोड दिएको छ । बालअधिकारका सम्बन्धमा सार्वजनिक सुनुवाइ, अनुभव आदान-प्रदान, तालिम, गोष्ठी, छलफल कार्यक्रम सञ्चालन, विद्यालय तहमा मानवअधिकार शिक्षाको सचेतना र अभिमुखीकरण आदि सञ्चालन गरिएको छ । त्यसैगरी आयोगले कानुन पुनरावलोकनसम्बन्धी कार्य पनि गर्दै आएको छ । बालअधिकारसम्बन्धी सिफारिस तथा कार्यान्वयनको अवस्था बारेमा अवगत गराउनको लागि 'राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस, संयुक्त राष्ट्रसङ्घको बालअधिकार समितिको सुझाव र सर्वोच्च अदालतको आदेश तथा कार्यान्वयनको अवस्था' बारे अध्ययन प्रतिवेदन, २०६५ प्रकाशनमा ल्याएको छ । बालबालिका बेचबिखन, वेश्यावृत्ति र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० उपर सरकारले बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय समितिमा पेस गर्ने प्रारम्भिक प्रतिवेदनको मस्यौदामा आयोगको राय तथा सुझाव दिएको थियो ।

प्रस्तोता: ठाकुरप्रसाद चापागाईं, मानवअधिकार अधिकृत

आन्तरिक विस्थापित व्यक्ति र आयोगका प्रयासहरू

अर्थ र परिभाषा

सामान्यतः आन्तरिक विस्थापित व्यक्तिहरू भन्नाले ती व्यक्ति, परिवार वा समूहलाई जनाउँछ, जो विशेष परिस्थितिवश (जस्तै, सशस्त्र द्वन्द्व, हिंसा, गरिबी, मानवअधिकार उल्लङ्घन, ज्यादति, प्राकृतिक प्रकोप वा मानवीय विपत्ति आदि) आफू बसेको घरबार वा स्थान छोडेका हुन्छन् । तर, उनीहरूले अन्तर्राष्ट्रिय सीमा पार गरेका हुँदैनन्, त्यही देशभित्रै रहेका हुन्छन् ।

संयुक्त राष्ट्रसङ्घीय आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्तअनुसार 'आन्तरिक रूपले विस्थापित व्यक्तिहरू भन्नाले त्यस्ता व्यक्ति वा समूहलाई बुझाउँछ, जो तिनीहरूको घरबार तथा हालसालै बसिरहेको स्थानलाई छाडेर कुनै विशेष परिस्थितिका कारणले वा सशस्त्र द्वन्द्वबाट हुने प्रभावबाट मुक्त हुनका लागि हिंसाको सामान्यीकरण भएको अवस्था, मानवअधिकारको उल्लङ्घन वा प्राकृतिक र मानवीय प्रकोपहरूको कारणले पलायन भएका छन् ।'

त्यसैगरी आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३ ले 'आन्तरिक विस्थापित व्यक्ति भन्नाले सशस्त्र द्वन्द्व वा हिंसाको स्थिति वा मानवअधिकारको गम्भीर उल्लङ्घन वा प्राकृतिक विपद् वा मानव सिर्जित विपत्ति एवम् अवस्थाको परिणाम स्वरूप वा त्यस्तो अवस्थाको असरबाट बच्ने अभिप्रायले आफ्नो घरबास वा बसोबास गर्दै आएको थातथलो छाडी पलायन हुन वा छाड्न बाध्य भई मुलुकभित्रै अन्य स्थानमा बसोबास गरेका व्यक्तिलाई सम्झनु पर्दछ' भनी परिभाषित गरेको छ ।

वि.सं. २०५२ मा तत्कालीन नेकपा (माओवादी) र सरकारबीच चलेको सशस्त्र द्वन्द्वको ११ वर्षे अवधिमा लाखौं मानिस द्वन्द्वको प्रभावबाट बच्न सुरक्षित स्थानतर्फ विस्थापित हुन बाध्य भए । विस्थापनको यो क्रम लोकतन्त्र बहाली पछि समेत जारी रह्यो । आन्तरिक विस्थापित व्यक्तिका अधिकारहरूलाई स्थापित गर्न आयोगले उजुरी ग्रहण गर्ने, विस्थापितको अवस्था अनुगमन गर्ने, उजुरीका बारेमा अनुसन्धान गर्ने, विस्थापितलाई उनीहरूको पूर्ववर्ति स्थानमा पुनःस्थापनाका लागि सहजीकरण गर्ने, उजुरीउपर सुनुवाई तथा निर्णय गर्ने, विस्थापितको अधिकार स्थापना र उनीहरूको सम्मानजनक पुनःस्थापनाका लागि कानुनी परामर्श दिने, दोषीलाई कारबाही र पीडितलाई न्यायका लागि सरकारलाई सिफासिर गर्ने लगायतका कार्यहरू गर्‍यो ।

आर्थिक वर्ष	सुरक्षाकर्मी	नेकपा (माओवादी)	जम्मा
२०५९/६०	०	२	२
२०६०/६१	५	७	१२
२०६१/६२	०	९३	९३
२०६२/६३	१३	१७३	१८६
२०६३/६४	१२	१३०	१४२
२०६४/६५	०	५३	५३
२०६५ साउन-चैत	३	२४	२७
जम्मा	**३३**	**४८२**	**५१५**

आयोगमा विस्थापनसम्बन्धी उजुरी

आयोगको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०५९/६० मा आन्तरिक विस्थापित भएकोबारे आयोगमा दुई मात्र उजुरीहरू परेका थिए । त्यो क्रम बढेर आर्थिक वर्ष २०६३/६३ मा सबैभन्दा बढी अर्थात् १८६ पुग्यो । हालसम्मको तथ्याङ्कलाई हेर्दा सुरक्षाकर्मीको कारणबाट विस्थापित भएका ३३ र तत्कालीन नेकपा (माओवादी) को कारणबाट विस्थापित भएको भनी ४८२ उजुरीहरू परेका छन् । शान्तिसम्झौता पछिका वर्षहरूमा आन्तरिक विस्थापनसम्बन्धी उजुरीहरू घट्दै गएका छन् । तर, वि.सं. २०६५ मा मात्रै पनि सुरक्षाकर्मीबाट ४ र एनेकपा (माओवादी) बाट ३७ गरी आयोगमा जम्मा ४१ ओटा उजुरी दर्ता भए । क्षेत्रगत आधारमा सबैभन्दा बढी मध्यपश्चिमाञ्चल क्षेत्रमा १६५ (जुम्ला सम्पर्क कार्यालयको ११ समेत) र सबैभन्दा कम सुदूरपश्चिमाञ्चल क्षेत्रमा ५६ ओटा उजुरीहरू परेका छन् । त्यसैगरी मध्यमाञ्चल क्षेत्रमा १२१ (जनकपुर सम्पर्क कार्यालयको १ समेत), पूर्वाञ्चल क्षेत्रमा ९१ (खोटाङ सम्पर्क कार्यालयका २२ समेत) र पश्चिमाञ्चल क्षेत्रमा ७० (बुटवल सम्पर्क कार्यालयका १४ समेत) उजुरीहरू परेका थिए ।

संरक्षणात्मक र प्रवर्द्धनात्मक प्रयासहरू

संरक्षणात्मक प्रयास स्वरूप आयोगले स्थलगत अनुसन्धान र प्राप्त प्रमाणहरूका आधारमा पीडित पक्षले दाबी गरेको क्षतिको मूल्याङ्कन गरी उचित क्षतिपूर्ति प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्ने, पीडक पक्षलाई सचेत गराउने, आन्तरिक विस्थापितहरूलाई फर्काउने वातावरण मिलाउन संलग्न पक्षहरूलाई आग्रह गर्ने, कानुनबमोजिम दोषीलाई कारबाही गर्न राज्यका सम्बन्धित निकायहरूलाई लेखिपठाउने लगायतका कार्यहरू गर्दै आएको छ ।

प्रवर्द्धनात्मक प्रयासका रूपमा आयोगले आन्तरिक विस्थापित व्यक्ति सम्बन्धी राष्ट्रिय नीति २०६३ को प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा यस क्षेत्रमा काम गर्ने विभिन्न सङ्घसंस्थाहरू, संयुक्त राष्ट्र सङ्घीय निकाय, राजनीतिक दल एवम् सरकारी निकायका प्रतिनिधिहरू समेतलाई सहभागी गराई २०६४ साउन १६ गते ललितपुरमा एक बृहत् कार्यशालाको आयोजना गरेको थियो । त्यसपछि आन्तरिक विस्थापनबाट बढी प्रभावित जिल्लाहरूमा स्थलगत अध्ययन र अनुगमन आयोगले देशको विभिन्न भागमा पुगी पीडित पक्षलाई भेट्ने र उनीहरूलाई पूर्ववर्ति थातथलोमा फर्काउन सहजीकरणको भूमिका खेलेको थियो । त्यसैगरी आन्तरिक विस्थापित व्यक्तिका सम्बन्धमा बनेको राष्ट्रिय नीतिमा उल्लेख भएका अधिकारहरूका बारेमा राजनीतिक दल, सञ्चारकर्मी, मानवअधिकारकर्मी, सरकारी निकायका प्रतिनिधि लगायतलाई सचेतना र अभिमुखीकरणका कार्यक्रमहरू सञ्चालन गर्‍यो ।

त्यसैगरी, आन्तरिक विस्थापित व्यक्तिका समस्या तथा समाधानका बारेमा सरोकारवाला सबै पक्षहरूलाई एकै स्थानमा भेला गराई छलफल तथा सहजीकरणका विभिन्न प्रयासहरू आयोगले गर्दै आएको छ । त्यसैगरी, आन्तरिक विस्थापित व्यक्तिका अधिकारका बारेमा सरोकारवालालाई सूचित तथा सचेत गराउन आयोगले यसै वर्ष आन्तरिक विस्थापितसम्बन्धी जानकारी पुस्तिका प्रकाशित गर्‍यो । यो पुस्तिकालाई नेपाली र अंग्रेजी दुवै भाषामा तयार पारिएको छ र सराकारवालाहरूलाई यो पुस्तिका निःशुल्क वितरण गरिन्छ ।

उपसंहार :

नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता, २०६३ भई औपचारिक रूपमा द्वन्द्व समाप्त भए पनि आन्तरिक विस्थापितहरूलाई आफ्नो थातथलोमा फर्कन दिन पर्याप्त प्रयासहरू हुन सकेका छैनन् । आयोगमा दर्ता भएका उजुरीहरूको तथ्याङ्कलाई तुलनात्मक अध्ययन गर्दा लोकतन्त्र बहालीपछि हरेक वर्ष आन्तरिक विस्थापितसम्बन्धी उजुरीहरू क्रमशः घट्दै गएका छन् । तर, विस्थापितहरूको अवस्था ज्युँका त्युँ हुनु र विगत वर्षका उजुरीहरूकै कार्यान्वयन हुन नसकिरहेको अवस्थाले गर्दा उजुरी सङ्ख्या घटेकै आधारमा सन्तोष मानिहाल्ने स्थिति छैन । द्वन्द्वकालमा विपक्षीलाई तहलगाउने रणनीतिको रूपमा प्रयोग गरिएको आन्तरिक विस्थापन अहिले एउटा जटिल समस्या बनेको छ । आयोगमा दर्ता भएका उजुरीका आधारमा एनेकपा (माओवादी) यो समस्याको उठानमा निकै जिम्मेवार छ र यो समस्यालाई समाधान गर्न समेत यसले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

प्रस्तोता : उमा जोशी, संरक्षण अधिकृत

मानवअधिकारको दृष्टिकोणबाट २०६५ को सुरक्षा अवस्था

सुरक्षाको दृष्टिकोणले २०६५ लाई फर्केर हेर्दा सन्तोष मान्नु पर्ने अवस्था देखिँदैन । मूल रूपमा यो वर्षको मानवअधिकार अवस्था विगतको तुलनामा झन् खस्किँदो पाइयो । संविधानसभा निर्वाचनपछि सक्षम र सुदृढ सरकार वा सर्वदलीय सहमतिको राष्ट्रिय सरकारले जनताको सुरक्षा गर्ने र दण्डहीनताको संस्कृतिलाई समूल नष्ट गर्ने अपेक्षा गरिएको थियो । तर, यो अपेक्षाको ठीक विपरित, यो वर्ष विभिन्न आन्तरिक वा बाह्य गतिविधिले न्यायपालिका माथि दबाब बढेको र विधिको शासन अझ कमजोर देखियो । राजनीतिक मुद्दाको नाउँमा विभिन्न आपराधिक मुद्दाहरूलाई कानुनी प्रक्रियाबाट फिर्ता लिइदिँदा आपराधिक गतिविधिमा संलग्न रहेकाहरू स्वतन्त्र रूपले खुलेआम विचरण गरिरहेका र सुरक्षा संयन्त्र सर्वसाधारणको शान्तिसुरक्षा व्यवस्थापन गर्न सफल हुन नसकेको पाइयो । यो वर्ष सरकारले विभिन्न सशस्त्र तथा अन्य समूहहरू (राजनीतिक, जातीय, क्षेत्रीय आदि) सँग वार्ता अघि बढायो तर वार्तामा गरिएका सम्झौतालाई मान्न वा लागू गर्न दुवै पक्षहरू सफल नभएकाले वार्ता प्रक्रियाले कुनै सकारात्मक र ठोस प्रभाव पार्न सकेन । त्यस्तै संविधान निर्माणका लागि एकजुट हुनुपर्ने ठूला राजनीतिक दलहरूको आपसी सम्बन्ध चिसिएको थियो । खासगरी नेपाली कांग्रेस र नेकपा (एमाले) सबैभन्दा ठूलो दल एनेकपा (माओवादी) सँग सहकार्य गरी अघि बढ्न सकेनन् । यसैको परिणाम स्वरूप, माओवादी सेना र नेपाली सेनालाई समायोजन गर्ने महत्वपूर्ण काम रोकियो ।

आफ्नो माग पूरा गर्न विभिन्न राजनीतिक दल वा जातीय वा अन्य समूहहरूले बन्द, हड्ताल, विरोध, तोडफोड, आगजनी, अपहरण, हत्याहिंसा जस्ता कार्यलाई निरन्तरता दिए । एनेकपा (माओवादी) को सत्तारोहणले अन्तर्राष्ट्रिय जगतमा नेपालप्रति बढी ध्यानाकर्षण भएको अवस्था रहयो भने राजनीतिक उतारचढावका कारणले मानवअधिकार उल्लङ्घनका घटनालाई रोक्न वा दोषीलाई कानुनी कारबाही गर्न सकिएन । त्यस्तै देशमा विकाससम्बन्धी गतिविधिमा कमी, गरिबी र बेरोजगारीमा वृद्धि, तथा क्षमतावान् व्यक्ति देशबाट पलायन हुने अवस्था बढेको पाइयो । यो वर्ष नागरिकको आवागमनको अधिकारमा व्यापक अवरोध, जातीय सद्भाव भङ्काउने गतिविधि, दण्डहीनताको अवस्था बढ्दो देखिएको, आर्थिक र बौद्धिक पलायन मुख्य लक्षणका रूपमा देखा परे ।

क्र.सं.	विषय	सङ्ख्या	कैफियत
१	मानवअधिकार उल्लङ्घनबाट मृत्यु	२७८ जना	बम विस्फोटका घटनाबाट मृत्यु भएका २२ समेत
२	अन्य कारणले मृत्यु भएको वा लास फेला परेको	३७३ व्यक्ति	
३	अपहरण	२०४ व्यक्ति	
४	अपहरण मुक्त भएका	१०२	बाँकीको स्थिति अज्ञात
५	बम विस्फोट	१९३ घटना	
६	बम विस्फोटबाट घाइते	१९५ जना	
७	ज्यानमारे धम्की	११३ जना	
८	झडप	३५५ घटना	झडपमा घाइते भएका १९७३ जना
९	गिरफ्तार	२०५५ जना	(समातेकै दिन छुटेकालाई समावेस नगरिएको)
१०	डकैती/लुटपाट	१७७ घटना	
११	गोलीलागि घाइते	९६ जना	
१२	यातना	४२ जना	
१३	दुर्घटनामा मृत्यु	७८० जना	
१४	विरोध, र्‍याली, प्रदर्शन	२९१ घटना	
१५	बन्द/चक्काजाम	२८१ दिन	
१६	तोडफोड	११४ घटना	
१७	आगलागी/आगजनी	१६९ घटना	

आयोगलाई प्राप्त विभिन्न सूचना तथा जानकारीका आधारमा तयार पारिएको

ठूला राजनीतिक दलहरूका युवा संगठनहरू खासगरी एकीकृत नेकपा (माओवादी) को वाईसीएल, नेकपा (एमाले) को युथफोर्स, नेपाली कांग्रेसको तरुण दल, मधेसवादी दलहरूका युवा संगठनहरूबीच भएका आक्रमण, प्रत्याक्रमण, झडप लगायतका गतिविधिले शान्तिसुरक्षाको अवस्थालाई तरङ्गित बनाइरहे ।

विस्तृत शान्तिसम्झौता अनुरूप नेपाली सेना ब्यारेकमै रहेको थियो तर, माओवादी सेनालाई अनमिनको नियमित अनुगमनमा राखिएको भएपनि आफ्नो दललाई सहयोग गर्न र विभिन्न राजनीतिक मुद्दामा प्रभुत्व कायम राख्न ब्यारेक बाहिर निस्कने र राजनीतिक गतिविधिमा संलग्न हुने गरेको पाइयो ।

केही हतियारधारी संगठनहरू वृद्धि भएता पनि तराईमा जनतान्त्रिक मुक्तिमोर्चाको विभिन्न समूह तथा पहाडमा लिम्बूवान, खम्बूवान् र पश्चिम तराईमा थारुसम्बन्द्ध संस्थाहरूको प्रभाव रहयो । साथै, ठूला राजनीतिक दलहरूका युवा संगठनहरू खासगरी एकीकृत नेकपा (माओवादी) को वाईसीएल, नेकपा (एमाले) को युथफोर्स, नेपाली कांग्रेसको तरुण दल, मधेसवादी दलहरूका युवा संगठनहरूबीच भएका आक्रमण, प्रत्याक्रमण, झडप लगायतका गतिविधिले शान्तिसुरक्षाको अवस्थालाई तरङ्गित बनाइरहे ।

यो वर्ष जेठ १५ गते नेपाललाई गणतान्त्रिक राष्ट्र घोषणा गरियो र २३९ वर्षदेखि कायम रहेको राजपरम्परा समाप्त भयो । त्यसैगरी नेपाली कांग्रेसका नेता डा. रामवरण यादव र मधेसी जनअधिकार फोरमका नेता परमानन्द झा क्रमशः नेपालको प्रथम राष्ट्रपति तथा उपराष्ट्रपतिको रूपमा निर्वाचित हुनुभयो । भदौ महिनामा तत्कालीन नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) को नेतृत्वमा सरकारको गठन भयो । देशको रक्षामन्त्रीमा नेकपा (माओवादी) का रामबहादुर बादल र गृहमन्त्रीमा नेकपा (एमाले) का बामदेव गौतम नियुक्त भएपछि शान्तिसुरक्षाको वातावरण प्रारम्भमा केही सुदृढ देखिए पनि पछि खस्किँदो अवस्था देखियो । वर्षको फागुन महिनामा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन र चैत महिनामा उपनिर्वाचन सम्पन्न भए । सरकारले अध्यादेश मार्फत् विभिन्न अध्यादेशहरू ल्याएको थियो तर राजनीतिक सहमति जुट्न नसक्दा तिनीहरू कायान्वयन हुन सकेनन् । वर्षको अन्त्यमा सत्तारुढ दलहरूबीचमै आपसी खिचातानीले राष्ट्रिय सुरक्षा कमजोर बनेको र देशमा विदेशी चासो बढेको पाइयो ।

विस्तृत शान्तिसम्झौता अनुरूप नेपाली सेना ब्यारेकमै रहेको थियो तर, माओवादी सेनालाई अनमिनको नियमित अनुगमनमा राखिएको भएपनि आफ्नो दललाई सहयोग गर्न र विभिन्न राजनीतिक मुद्दामा प्रभुत्व कायम राख्न ब्यारेक बाहिर निस्कने र राजनीतिक गतिविधिमा संलग्न हुने गरेको पाइयो । वर्षको अन्त्यमा नेपाली सेना तथा नेपाल प्रहरीका वरिष्ठ अधिकृतहरूको अवधि थप नगर्ने सरकारको निर्णयले उनीहरूको मनोवल कमजोर भएको अवस्था देखियो भने, माओवादी सेनालाई लामो समयसम्म क्याम्पमा बिना काम राख्दा आन्तरिक असन्तुष्टि बढ्दै गएको देखिएकाले सुरक्षाको दृष्टिकोणले दुवै कुरा प्रतिकूल भएको मान्न सकिन्छ ।

प्रस्तोता: प्रद्युम्न कट्टेल, उपनिर्देशक, सुरक्षा शाखा

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था र आयोगको प्रयास

जनआन्दोलन २०६२/०६३ को सफलतापछि लोकतन्त्रको बहालीपछि आमनेपालीले देशमा शान्ति स्थापना र आफ्नो मानवअधिकार सुनिश्चित हुने अपेक्षा गरका थिए । तर, नेपालीले आशा गरेजस्तो परिस्थिति देखा परेन । विगत द्वन्द्वको समयमा जस्तै यो वर्ष पनि हत्या र हिंसाको शृङ्खलाले निरन्तरता पाइरहयो । परिणाम स्वरूप, देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको स्थितिमा पनि अपेक्षा गरेअनुरूप सुधार आउन सकेन ।

आयोगमा परेका उजुरी तथा आयोगले प्राप्त गरेका विभिन्न जानकारीका आधारमा राज्यले यी अधिकारहरूको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्वलाई बहन गरेको पाइएन भन्न सकिन्छ । त्यसैगरी, मानवअधिकारको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरूले पनि नागरिक तथा राजनीतिक अधिकारको तुलनामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई कम महत्व दिए । साथै, नागरिक तथा राजनीतिक अधिकारको उल्लङ्घनसम्बन्धी विषयहरूको अनुपातमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी विषयले प्राथमिकता पाउन सकेको छैन ।

डोल्पाको खाद्य डिपोमा खाद्यान्न लिन भेला भएका सर्वसाधारणको मानवअधिका अवस्था बारे बुझ्दै आयोगको टोली

विगतको द्वन्द्वबाट विस्थापित व्यक्तिको शिक्षा, स्वास्थ्य तथा गास, बास र कपासको अधिकार यो वर्ष पनि सुनिश्चित गर्न सरकारले ठोस कार्यहरू गर्न सकेन । विस्थापित नागरिकले विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएको दुई वर्ष पूरा भइसक्दा समेत आफ्नो घर फर्कन नसकेको, कब्जा भएका सम्पत्ति फिर्ता हुन नसकेको अवस्था विद्यमान छ । नेपाल सरकारले ल्याएको आन्तरिक विस्थापितसम्बन्धी राष्ट्रिय नीतिले तय गरेका कार्यक्रमहरू समेत पूर्ण रूपमा लागू हुन सकेको देखिदैन । विस्तृत शान्ति सम्झौताको दफा ७ (५) मा उल्लेखित नागरिकको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कार्यान्वयन हुन नसकेकाले उक्त प्रावधानहरूको पनि उल्लङ्घन भएको भनी यो वर्षमा आयोगमा उजुरी परेको थियो ।

यो वर्ष मध्य तथा सुदूरपश्चिमका केही जिल्लामा रहेका मुक्त कमैयाहरूको स्थितिमा कुनै उल्लेखनीय सुधार आएको पाइएन । नेपाल सरकारले ल्याएको बजेट कार्यक्रमको पनि पूर्ण कार्यान्वयन हुन नसकेको तथा निजहरूको पुर्नस्थापना तथा पुर्नवासको लागि ल्याइएका कार्यक्रमहरू पूर्ण कार्यान्वयन नभएको र त्यस्ता कार्यक्रममा सबै पूर्व कमैयाहरूको पहुच भएको पनि पाईदैन । कमैयाहरूलाई मुक्त गरेको नौ बर्ष बितिसक्दा समेत नेपाल सरकारले पूर्वकमैयाहरूलाई आधारभूत मानवअधिकारको प्रयोग गर्न सक्ने वातावरण सिर्जना गरिदिएको छैन । पूर्वकमैया तथा द्वन्द्वका कारणले आन्तरिक रूपमा विस्थापित नागरिकहरू गत बर्ष सम्पन्न संविधानसभाको निर्वाचनमा मदतानको अधिकारबाट समेत वञ्चित हुन पुगेको पाईयो ।

कमैयाहरूलाई मुक्त गरेको नौ बर्ष बितिसक्दा समेत नेपाल सरकारले पूर्वकमैयाहरूलाई आधारभूत मानवअधिकारको प्रयोग गर्न सक्ने वातावरण सिर्जना गरिदिएको छैन । पूर्वकमैया तथा द्वन्द्वका कारणले आन्तरिक रूपमा विस्थापित नागरिकहरू गत बर्ष सम्पन्न संविधानसभाको निर्वाचनमा मदतानको अधिकारबाट समेत वञ्चित हुन पुगेको पाईयो ।

अस्पतालहरूमा चिकित्सक तथा औषधीको अभाव राज्यले पुरा गर्न नसक्दा जीवनको अधिकारसँग ज्यादै निकट सम्बन्ध रहेको स्वास्थ्यको अधिकार प्रभावित हुनपुग्यो । गत वर्ष सप्तकोशीको बाँध फुटेको तथा सुदूरपश्चिमका केही जिल्लामा आएको भीषण बाढीपहिरोका कारणले प्रभावित सर्वसाधारणलाई तत्काल उद्धार र पुर्नस्थापना गर्ने काममा समेत राज्यका निकायबाट उचित प्राथमिकता र पर्याप्त पहल गर्न नसकेको पाइएको छ । भोक विरुद्धको अधिकार पाएका नागरिकहरूले खाद्यान्नको अभाव भई भोकमरीको स्थिति उत्पन्न हुँदासम्म सुदुर तथा मध्यपश्चिमका केही जिल्लाहरूमा राज्यबाट खाद्यान्न वितरण र पहुँच सम्बन्धमा कुनै ठोस कार्य भएको पाइदैन । पश्चिम नेपालको खाद्यान्नको समस्यालँई स्थायी रूपमा सम्बोधन गर्ने खालको कार्यक्रम तथा नीति समेत हालसम्म राज्यले बनाएको छैन । परिणामतः नागरिको खाद्यान्न माथिको अधिकार सुनिश्चित गर्ने कार्यमा अवरोध उत्पन्न भएको छ ।

नेपालभरि रहेका कारागारका बन्दीहरूले आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रयोग गर्न पाएका छैनन् । त्यो खाँचोलाई चासोपूर्वक हेर्ने निकाय तथा प्राथमिकता नभएकाले कारागार भित्र रहेका कैदीबन्दीले पाउनु पर्ने सेवासुविधा र बन्दीका अन्य अधिकारहरूका बारेमा यो वर्ष पनि कुनै ठोस पहल हुन सकेन ।

काठमाडौं उपत्यका र तराईका जिल्लाहरूलाई केन्द्रित गरी विभिन्न राजनीतिक दल, पेसागत वा जातीय समूहहरूले सधैंजसो आह्वान गर्ने बन्द, चक्काजाम जस्ताकार्यहरूले गर्दा सार्वजनिक यातायात, शिक्षण संस्था, कलकारखाना र बजार समेत बन्द हुने गरेका छन् । यस्ता कार्यले नागरिकहरू स्वतन्त्रतापूर्वक आवतजावत गर्ने अधिकार, कुनै पेसा रोजगार तथा व्यवसाय गर्ने स्वतन्त्रता, शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, मजदुरको अधिकार, आफ्नो सम्पत्ति भोग चलन गर्ने अधिकारहरूबाट वञ्चित हुनु परेको छ । साथै, बन्द तथा चक्काजामको समयमा व्यक्तिगत सम्पत्ति तथा सवारी साधनहरूमा तोडफोड र आगजनी गर्ने जस्ता कार्यले समेत नागरिकहरू सम्पत्ति तथा

सुरक्षाको अधिकारबाट वञ्चित हुने गरेका छन् । नागरिकका यी अधिकारहरू संरक्षण गर्नेतर्फ राज्यले मौजुदा कानुनको कार्यान्वयन गर्दै अन्य आवश्यक ऐन, कानुन निर्माण गरी त्यसको तत्कालै प्रभावकारी कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

अधिकार संरक्षणमा आयोगको प्रयास :

नागरिकको आर्थिक, सामाजिक र सांस्कृति अधिकारहरू स्थापित गर्न आयोगले यो वर्ष विभिन्न महत्वपूर्ण कामहरू गरेको छ । नेपालका विभिन्न भूभागमा प्रचलित हलिया प्रथा जातीय समानता र मानवता विरोधी रहेको, मानवअधिकारका प्रचलित सिद्धान्त एवम् मान्यताका प्रतिकूल रहेका र विभिन्न राष्ट्रिय कानुनहरूको समेत विरोधी देखिएकाले यो प्रथा उन्मूलनका साथै निजहरूको पुर्नस्थापनाका लागि आवश्यक नीति नियम तर्जुमा गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरेको थियो । सिफारिस बमोजिम नेपाल सरकारले हलिया प्रथा उन्मूलन समेत गर्‌यो ।

कमैया प्रथा उन्मूलन भईसकेको सन्दर्भमा त्यसैको एक अंशका रूपमा रहेको कमलरी प्रथा कायमै रहेकाले यो प्रथा उन्मूलनका लागि अविलम्ब आवश्यक व्यवस्था गर्न र हालसम्म कायम रहेका कमलरी, पूर्व कमलरी र हाल उद्धार गरिएका कमलरीहरूलाई उद्धार, पूर्नस्थापना र सामाजिक पूनर्एकीकरणको व्यवस्था गर्न, यो प्रथाका सम्बन्धमा दोषी देखिएकाहरूलाई कानुनबमोजिम कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिन, यो कुप्रथा विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न यसै वर्ष आयोगले नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

भूमिसुधारको सम्बन्धमा विगतमा धेरै आयोगहरू गठन भएता पनि तिनका सिफारिसहरू कार्यान्वयन नभएकाले मुलुकका विभिन्न स्थानहरूमा रहेका भूमिहीनहरूको समस्यालाई उपयुक्त रूपले सम्बोधन गर्न तथा निजहरूको हक र हितलाई प्रभावकारी रूपमा संरक्षण गर्ने/गराउने प्रयोजनका लागि अविलम्ब उच्चस्तरीय आयोग गठन गर्ने लगायतको आवश्यक व्यवस्था गर्न आयोगले यसै वर्ष नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

सप्तरी जिल्लाको हनुमाननगरस्थित लिलजा ठाकुर राष्ट्रिय प्राथमिक विद्यालयको भवनको केही भागमा सशस्त्र प्रहरी बलको दन्तकाली गणले प्रयोग गर्दा सम्बन्धित बालबालिका शिक्षा प्राप्तिको अधिकारबाट वञ्चित भएका थिए । आयोगले सशस्त्र प्रहरी बललाई त्यहाँबाट तत्कालै हटाइ बालबालिकाको शिक्षा प्राप्तिको अधिकार संरक्षण गर्न नेपाल सरकारलाई सिफारिस गरेको थियो । आयोगको सिफारिस बमोजिमसरकारले उक्त स्थानबाट प्रहरी हटाएको थियो । त्यसैगरी, गुणस्तरीय खाद्यान्न, दैनिक खाद्य वस्तु र पेट्रोलियम पदार्थको आपूर्ति, कारागारका बन्दीहरूको अवस्था सुधार जस्ता विषयहरूमा तत्कालै पहल थाल्न नेपाल सरकारका उच्च अधिकारीहरूसँग छलफल गर्ने, निर्देशन दिने तथा सिफारिसहरू गरेको थियो ।

यसका अतिरिक्त, द्वन्द्वको क्रममा गैरन्यायिक हत्यामा परी ज्यान गुमाएकाहरूका आश्रित परिवारलाई भरणपोषण एवम् जीवीकोपार्जनका लागी क्षतिपूर्ति र निजका सन्तानको निःशुल्क शिक्षाको व्यवस्था गर्न आयोगबाट निरन्तर सिफारिसहरू हुँदै आएका छन् । सार्वजनिक रूपमा वितरण गरिने पिउने पानी, पानी प्रशोधन गर्ने स्थानको पर्याप्त सुरक्षा गरी स्वच्छ पानी खान पाउने आमजनताको अधिकारलाई संरक्षण गर्न नेपाल सरकारलाई प्रभावकारी व्यवस्था मिलाउन लेखिपठाइएको थियो । आयोगबाट बन्द, हड्ताल, चक्काजाम आदि नगर्न तथा आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको मानवअधिकारको सम्मान गर्न बन्द आयोजकहरूसँग पटकपटक आग्रह गरेको थियो । आयोगबाट विभिन्न समयमा भएका विभिन्न जिल्लाको मानवअधिकार अनुगमन, विस्तृत शान्ति सम्झौताको कार्यान्वयन स्थितिको अनुगमनको सिलसिलामा पनि आयोगबाट आर्थिक, सामाजिक तथा सांस्कृति अधिकारहरूका सम्बन्धमा विविध कार्यहरू भएका छन् ।

प्रस्तोता: श्रीराम अधिकारी, संरक्षण अधिकृत

प्युटार घटनाका सम्बन्धमा तीन आयोगबीच छलफल

बोक्सीको आरोपसम्बन्धी घटनामा संयुक्त अनुसन्धान

ललितपुरको प्युटारस्थित गडिभञ्ज्याङ प्राथमिक विद्यालयका प्रधानाध्यापक विमला लामाले स्थानीय कल्लीकुमारी विकलाई बोक्सीको आरोपलगाई अमानवीय व्यवहार गरेको घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगका पदाधिकारीबीच गत चैत १७ गते छलफल भएको छ । विद्यालयको प्रधानाध्यापकजस्तो जिम्मेवार पदमा बसेको व्यक्तिबाट समेत यस्तो जघन्य अपराधिक घटना भएको भन्दै तीनओटै आयोगले यो घटनालाई गम्भीर रूपमा लिए । घटनाको अनुसन्धानलाई संयुक्त रूपमा अगाडि बढाउने, घटनामा संलग्न दोषीहरूलाई कानुनी कारबाही गर्न र पीडितलाई राहत, सुरक्षा तथा क्षतिपूर्तिको लागि पहल गर्ने विषयमा बैठकमा छलफल भएको थियो । साथै, घटनाबारे थप जानकारी लिन ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई आयोगमा बोलाउने समेत निर्णय भयो ।

प्युटारमा भएको यो घटना नेपाल पक्षराष्ट्र भएको सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ र महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को विपरित छ । यसले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४ (छुवाछुत तथा जातीय भेदभावविरुद्धको हक), धारा २० (महिला हक), धारा २१ (सामाजिक न्यायसम्बन्धी हक), धारा २६ (यातनाविरुद्धको हक) मा प्रत्याभूत नागरिकको मानवअधिकार उल्लङ्घन भएको तथा गत माघ १२ गते तत्कालीन प्रधानमन्त्रीले व्यक्त गरेको महिला हिंसा उन्मूलन गर्ने प्रतिवद्धतासमेत ओझेलमा परेको निष्कर्ष बैठकले निकालेको थियो ।

छलफलमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान, डा.लीला पाठक, राष्ट्रिय दलित आयोगका अध्यक्ष रामलाल विश्वकर्मा, राष्ट्रिय महिला आयोगका सदस्यहरु मन्जुकुमारी यादव (चौधरी), धनकुमारी सुनार र सचिव ऋतुराज भण्डारी लगायतको उपस्थिति थियो ।

यसैबीच ललितपुरको प्युटारस्थित गडिभञ्ज्याङ प्राथमिक विद्यालयका प्रधानाध्यापक विमला लामाले स्थानीय कल्लीकुमारी विकलाई बोक्सीको आरोपलगाई अमानवीय व्यवहार गरेको घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले गृहमन्त्रालयका सचिव, प्रहरी महानिरीक्षक तथा सुरक्षा निकायका पदाधिकारीहरूसँग गत चैत २६ गते सोधपुछ गर्‌यो ।

पीडित कल्लीकुमारी विकउपर भएको दुर्व्यवहारपूर्ण आपराधिक कार्यमा संलग्न व्यक्तिलाई यत्तिका दिनसम्म कानुनी दायरामा ल्याउन नसकेको बारेमा आयोगले गृहसचिव तथा सुरक्षा निकायका अधिकारीहरूलाई ध्यानाकर्षण गराएको थियो । आपराधिक कार्यमा संलग्न व्यक्तिलाई लामो समयसम्म कानुनी प्रक्रियामा ल्याउन नसक्दा दण्डहीनताले प्रश्रय पाइरहेको भन्दै आयोगले आरोपित व्यक्तिलाई तत्कालै कानुनी प्रक्रियामा ल्याउन तथा पीडितलाई राहत र पुनर्स्थापनाको प्रवन्ध गर्न गृहप्रशासन तथा सुरक्षा निकायहरूको ध्यानाकर्षण गराएको हो । यस सम्बन्धमा आरोपित व्यक्तिलाई कानुनी दायरा ल्याउन प्रहरी प्रशासन तदारुकताका साथ लागि परेको साथै सरकारी निकाय र गैरसरकारी संस्थाहरूबीच समन्वय भइरहेको गृहसचिवले जानकारी दिनुभयो ।

आयोगद्वारा संविधानसभा उप-निर्वाचनको अनुगमन

राष्ट्रिय मानवअधिकार आयोगले संविधानसभाका रिक्त ६ स्थानका लागि २०६५ चैत २८ गते उपनिर्वाचनमा स्थलगत अनुगमन सम्पन्न गरेको छ । वि.सं. २०६४ जेठ २८ गते सम्पन्न संविधानसभाको निर्वाचनमा दुई स्थानबाट निर्वाचन जितेका सभासद्हरूले एक-एक स्थान छाडेपछि रिक्त भएका यी निर्वाचन क्षेत्रहरूमा उपनिर्वाचन गराइएको हो । आयोगका पूर्वाञ्चल क्षेत्रीय कार्यालयले मोरङ जिल्लाको क्षेत्र नं. ५ र ७, जनकपुर सम्पर्क कार्यालयले धनुषा जिल्लाको क्षेत्र नं. ५, पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले कास्की जिल्लाको क्षेत्र नं. १, मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले रोल्पा जिल्लाको क्षेत्र नं. २, तथा सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले कञ्चनपुरको क्षेत्र नं. ४ को स्थलगत अनुगमन गरेका थिए । यस क्रममा निर्वाचन अधिकृतको कार्यालय, प्रमुख जिल्ला अधिकारी, जनपथ तथा सशस्त्र प्रहरी प्रमुख र मतदानमा खटाइएका सुरक्षाकर्मी तथा कर्मचारीहरूसँग सोधपुछ र छलफल गरिएको थियो । त्यस्तै, स्थानीय मानवअधिकारकर्मी, पर्यवेक्षक, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधि, उम्मेदवार, कार्यकर्ता तथा मतदाताहरूसँग सोधपुछ र छलफल एवम् मतदान स्थलको अवलोकन गरिएको थियो ।

संविधानसभा उपनिर्वाचन २०६५ को अनुगमन गर्दै रोल्पा क्षेत्र नं. २ कोटगाउँ मतदान केन्द्रमा आयोगको टोली

विराटनगर/ मोरङ जिल्लाका दुईओटा निर्वाचन क्षेत्रमा संविधानसभा सदस्यका लागि उपनिर्वाचन सम्पन्न भएको भयो । आयोगले यो उपनिर्वाचनमा उम्मेद्वारको मनोनयनको अवस्थादेखि निर्वाचन सम्पन्न भई विजय जुलुस सम्पन्न भएको अवस्थासम्म अनुगमन गरेको थियो । चैत्र १ गते उम्मेदवारको मनोनयन कार्यक्रम शान्तिपूर्ण भएपनि निर्वाचनको प्रचारप्रसारका क्रममा कतिपय ठाउँमा झडपका केही घटनाहरू भए ।

क्षेत्र नं. ७ का चुरेभावर एकता समाजका उम्मेदवारले चुनावमा माइक्रो बसको प्रयोग गरेको भनी निर्वाचन आयोगले रु. ५०० जरिवाना गऱ्यो । त्यस्तै, एकीकृत नेकपा (माओवादी) का दुवै क्षेत्रका उम्मेदवारले आफ्नो फोटो सहितको पकेट क्यालेन्डर प्रकाशित एवम् बितरण गरी निर्वाचन आचारसंहिता विपरित कार्य गरेको भनी भनी निर्वाचन आयोगले दुवै उम्मेदवारलाई जनही ५-५ सय रूपैँया जरिवाना गऱ्यो । चैत्र २३ गते क्षेत्र नं ५ को बुधनगरमा नेकपा (एमाले) का दुई कार्यकर्ता छेकन राम र दुखा यादवलाई मधेसी भएर एमालेको प्रचार गरेको भन्दै मधेसी जनअधिकार फोरमका कार्यकर्ताले कुटपिट गरे । त्यस्तै, चैत २४ गते राती क्षेत्र नं. ७ मा नेपाली कांग्रेस निकट दुई कार्यकर्तालाई एकीकृत (माओवादी) का कार्यकर्ताले कुटपिट गरे । चैत्र २५ गते मोरङ जिल्ला क्षेत्र नं ७ स्थित तेतरिया चोकमा मधेसी जनअधिकार फोरमको चुनावी सभालाई भौतिक योजना तथा निर्माण मन्त्री विजयकुमार गच्छदारले सम्बोधन गरेकाले स्थानीय थारु समुदायले मन्त्रीले आचारसंहिताको उल्लङ्घन गरेको भनी अवरोध सिर्जना गरेपछि प्रहरीको सुरक्षामा मन्त्री गच्छदारलाई विराटनगर पुऱ्याइएको थियो ।

चुनाव प्रचारप्रसारको समय सकिए पनि एकीकृत माओवादीले प्रयोग गरेको पर्चा र निर्वाचन चिन्ह अंकित भेस्टहरू निर्वाचन आयोगले चैत २६ गते निर्वाचन क्षेत्र नं. ७ बाट बरामद गरी नियन्त्रणमा लिएको थियो । मोरङ क्षेत्र नं. ७ का चुरेभावर राष्ट्रिय एकता समाज पार्टीका उम्मेदवार डा. सुबोधकुमार पोखरेललाई चैत २४ राती विराटनगरको चाँदनी चोकमा रहेको सो पार्टीको कार्यालयमा एक हुल अज्ञात समूहले कुटपिट गर्नुका साथै कार्यालयमा तोडफोड गरे । २०६५ चैत्र २८ गते यस जिल्लाका दुवै निर्वाचन क्षेत्रमा उपनिर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भयो । तर, मतगणनाको समाचार सङ्कलन गर्न गएका पत्रकार गोकुल पराजुलीलाई चैत्र २९ गते मधेसी जनअधिकार फोरमका कार्यकर्ताले मतगणनास्थल आदर्श माध्यमिक विद्यालयको परिसरमा कुटपीट गरेका थिए ।

जनकपुर/ आयोगको जनकपुर सम्पर्क कार्यालयले धनुषा क्षेत्र नं. ५ को संविधानसभा उपनिर्वाचन अनुगमन गरेको थियो । यसक्रममा नेकपा (माले) का धनुषा क्षेत्र नं ५ का उम्मेदवार सन्तोष साह चैत २७ गते बिहान जनकपुरको बिन्हीबाट अपहरणमा परे । संविधानसभा उपनिर्वाचन मधेसीको हित प्रतिकूल भएकाले निर्वाचन कार्यक्रमलाई असफल पार्न भन्दै तराई मुक्ति सेनाले यो घटनाको जिम्मेवारी दाबी गरेको थियो । यसैगरी निर्वाचनलाई प्रभावित पार्ने उद्देश्यले अखिल तराई मुक्ति मोर्चा (गोइत समूह) र तराई जनतान्त्रिक मुक्ति मोर्चा

संविधानसभा उपनिर्वाचनका मुख्य लक्षणहरू

- यो उप-निर्वाचनमा ईलेक्ट्रोनिक भोटिङ मेसिनबाट मतदान गर्ने प्रकृयासम्बन्धी सचेतना कार्यक्रमहरू प्रभावकारी हुन सकेन ।
- नागरिकता ल्याउन अनिवार्य गरिएकाले मताधिकारको दुरुपयोग कम भएको थियो तर नागरिकता नभएको वा हराएको वा कुनै टाढाको स्थानमा छुटेको अवस्थाका व्यक्तिले मताधिकार प्रयोग गर्न पाएनन् ।
- बहालवाला मन्त्री लगायत सार्वजनिक पद धारण गरेका कतिपय व्यक्तिले राज्यका साधन स्रोतको दुरुपयोग गरी निर्वाचन प्रचारप्रसारमा लागेको पाइयो । विजयकुमार गच्छेदार र राजेन्द्र महतो मन्त्रीको झन्डावाल गाडी सहित निर्वाचन क्षेत्रमा पुगेर विभिन्न प्रचारप्रसारका कार्यक्रममा सहभागी भए ।
- निर्वाचनका क्रममा भएका झडपका घटनाहरूमा खासगरी युथफोर्स र वाईसीएल तथा मधेसी कार्यकर्ताहरू बढी जिम्मेवार देखिएका छन् । सबैजसो राजनीतिक दलहरूले निर्वाचन आचारसंहितालाई धेरथोर उल्लङ्घन गरेको पाइन्छ । तर, त्यसमा सबैजसो स्थानमा एनेकपा (माओवादी) संलग्न देखिएको छ ।
- एउटा राजनीतिक दलले अर्को राजनीतिक दलका नेताकार्यकर्तालाई मतदाता समक्ष पुग्न नदिने, हिंसात्मक उपाय अबलम्बन गरी अवरोध सिर्जना गर्ने तथा अर्को राजनीतिक दलका प्रचार सामग्रीहरूलाई नष्ट गर्ने काम अन्य निर्वाचनहरूमा जस्तै यस पटक पनि जारी रह्यो ।
- समग्रमा निर्वाचन शान्तिपूर्ण र स्वच्छ रुपमै सम्पन्न भएको मान्न सकिन्छ ।

संविधानसभा उपनिर्वाचन २०६५ को अनुगमन गर्दै मोरङ क्षेत्र नं. ५ मा आयोगको टोली

(ज्वालासिंह) ले तीन दिने बन्दको आह्वान गरे । यहाँ चैत २८ गते भएको निर्वाचन समग्रमा शान्तिपूर्ण रूपमा नै सम्पन्न भयो ।

पोखरा/ चैत्र २८ गते कास्की जिल्लाको क्षेत्र नं १ मा भएको उप निर्वाचनको आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालयले अनुगमन गऱ्यो । कास्कीको क्षेत्र नं २ को मिजुरे गाविसका नेकपा (एमाले) का कार्यकर्ता छविलाल पूर्जाली रिमाललाई चैत २६ गते राति एकीकृत नेकपा (माओवादी) का कार्यकर्ताले कुटपिट गम्भीर घाइते बनाएका थिए । त्यस्तै, प्रचारप्रसारको समयावधि समाप्त भैसकेपछि कास्कीकै सैमराङ, कालिका, सिन्धुजुरे गाविसमा माओवादी कार्यकर्ताले चैत २६ गते राति ९ बजेदेखि तीनघण्टा सम्म गाउँका सबै मानिसलाई उपस्थित हुन उर्दी जारी गरी आमसभा सम्पन्न गरेको भनी आयोगले जानकारी प्राप्त गरेको छ । मौजा, कालिका थुम्की, मिजुरे, सिन्धुजुरे र सैमराङ गाविसका विभिन्न ठाउँमा चैत २६ गते राति एकीकृत नेकपा (माओवादी) का कार्यकर्ताले त्यो क्षेत्र आफ्नो 'लाल किल्ला' भएको दाबी गर्दै अन्य दलका नेताकार्यकर्तालाई अन्यत्रै जान धम्की दिएपछि धेरै नेताकार्यकर्ता पोखरा र देशका अन्य भागमा विस्थापित भए । तर, मतदान कार्य शान्तिपूर्ण रूपमै सम्पन्न भयो ।

रोल्पा/ आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले रोल्पा जिल्ला निर्वाचन क्षेत्र नं. २ को अनुगमन सम्पन्न गऱ्यो । यस निर्वाचन क्षेत्रमा निर्वाचनको पूर्वको अवस्था, निर्वाचनको दिनको अवस्था तथा निर्वाचन पछिको अवस्था गरी तीनै चरणमा रोल्पाका ४ गाविसहरूमा पुगी अनुगमन गरिएको थियो । अनुगमनमा रोल्पामा जनजाति तथा दलितका उम्मेदवार भएपनि महिला उम्मेदवार नभएको, निर्वाचनका दिन थवाङ्मा नेकपा (एमाले) का तर्फबाट निर्वाचनमा खटाइएका प्रतिनिधि शान्तकुमार ओलीलाई एनेकपा (माओवादी) का कार्यकर्ताले कुटपिट गरी मतदान केन्द्रबाट फर्काएको, पार्टीको चिन्ह तथा चुनाव चिन्ह अङ्कित टि-सर्ट तथा क्याप समेत लगाएर पार्टी कार्यकर्ताहरू मतदान केन्द्र वरिपरी घुमिरहेको, मतदान केन्दहरूमा वृद्ध, अशक्त तथा रोगीहरूका लागि छुट्टै लाइनको व्यवस्था नभएको जस्ता समस्याहरू पाइएका थिए । त्यस्तै नेपाली कांग्रेस, एमाले लगायतका दल तथा स्वतन्त्र उम्मेदवारले माओवादी कार्यकर्ताको धम्की र ज्यादतिले गर्दा आफूहरूका लागि पूरै गाउँ नै असुरक्षित बन्दै गएको बताएका थिए ।

कञ्चनपुर/ आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले कञ्चनपुर जिल्लाको क्षेत्र नं. ४ मा सम्पन्न संविधानसभा उपनिर्वाचनको अनुगमन गऱ्यो । यो उपनिर्वाचन अपेक्षा गरेझैं शान्तिपूर्ण रूपमा सम्पन्न भएको आयोगको अनुगमन प्रतिवेदनमा उल्लेख छ । कडा सुरक्षा व्यवस्थाबीच पहिलो पटक विद्युतीय भोटिङ मेसिनबाट मतदान कार्य भएकाले मतदातालाई नयाँ अनुभव भयो । यो उपनिर्वाचनमा मतदाताहरूलाई नागरिकता लिएर उपस्थित हुन अनिवार्य गरिएकाले मतदान केन्द्रमा अधिक भीड तथा धुसपैठ आदि भएको पाईएन । तर मतदाता नामावलीमा नाम भएपनि नागरिकता नभएकाले केही मतदाताले आफ्नो मताधिकार प्रयोग गर्न पाएनन् । यो निर्वाचन क्षेत्रमा कुल मतदाता ६७,५८९ मध्ये ३०,६९१ मतदाताले मतदान गरेका थिए ।



संविधानसभा उपनिर्वाचन २०६५ को अनुगमन गर्दै कास्की क्षेत्र नं. १ मा आयोगको टोली

मतदान गर्दा नागरिकता प्रमाणपत्र अनिवार्य साथमा लिएर आउनुपर्ने व्यवस्थाले गर्दा कतिपयको नाम फरक पर्न गएको, कतिपयको नागरिकता प्रमाणपत्र नभएको र कतिपय मानिसहरू रोजगारीको सिलसिलामा भारतमा भएकाले कम सङ्ख्यामा मतदान भएको बताइएको छ । उपनिर्वाचन अनुगमन गर्न दर्जनौं स्वदेशी तथा विदेशी संघसंस्थाका प्रतिनिधिले निर्वाचन पर्यवेक्षण गरेका थिए । यस उप-निर्वाचनमा यो क्षेत्रबाट १८ देखि ९३ वर्षसम्मका महिला, पुरुष, वृद्ध तथा अपाङ्गहरूले उत्साहजनक रूपमा मतदानमा भाग लिए ।

मानवअधिकारको अवस्थाबारे कुटनीतिज्ञहरूसँग छलफल

ललितपुर/राष्ट्रिय मानवअधिकार आयोगसँग मानवअधिकारको वर्तमान अवस्थाबारे युरोपेली तथा अमेरिकी कुटनीतिक नियोगका प्रतिनिधिहरूले छलफल गर्नुभएको छ । आयोगमा वैसाख ३१ गते सम्पन्न छलफल कार्यक्रममा बदलिंदो राजनीतिक पृष्ठभूमिमा मानवअधिकारको अवस्थाका विभिन्न सवालहरूका बारेमा छलफल भएको थियो ।

नेकपा (माओवादी) नेतृत्वको सरकारले राजिनामा दिएपछि उत्पन्न मानवअधिकारको अवस्थाका बारेमा आयोगले गरिरहेको नियमित अनुगमनका सम्बन्धमा समेत कुटनीतिज्ञहरूले जिज्ञासा राख्नुभएको थियो । उहाँहरूले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको म्याद थप गर्नेसम्बन्धमा आ-आफ्नो चासो प्रकट गर्नुभयो ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगीना सिंह, गौरी प्रधान, डा. लीला पाठक, सचिव विशाल खनाल तथा विभागीय प्रमुखहरूको उपस्थिति थियो । साथै, कुटनीतिज्ञहरूको तर्फबाट युरोपियन युनियनका नेपाल प्रतिनिधि, बेलायत, डेनमार्क, नर्वे, फिनल्यान्ड, फ्रान्स, अमेरिका, जर्मनीका राजदूत तथा दूतावासका वरिष्ठ अधिकृतहरू उपस्थित हुनुहुन्थ्यो ।

ओएचसिएचआर प्रमुख पिल्लाई आयोग भ्रमणमा

आयोगका सिफारिस कार्यान्वयन गर्न जोड

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त श्री नवनितम पिल्लाईले राष्ट्रिय मानवअधिकार आयोग र ओएचसिएचआर नेपालले गरेका सिफारिसहरू कार्यान्वयन नभएकाले नेपालमा दण्डहीनताको स्थिति बढ्दै गएको बताउनु भएको छ । गत चैत ६ गते राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरूसँगको भेटमा प्रमुख आयुक्त पिल्लाइले नेपालको मानवअधिकार अवस्था सुदृढ गर्न, आयोग तथा नागरिक समाजको क्षमता अभिवृद्धि गर्न आफ्नो कार्यालयले सदैव सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको हो ।

यस अवसरमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले वर्तमान आयोग संवैधानिक निकायका रूपमा स्थापित भएको र विद्यमान शान्तिप्रक्रियामा मानवअधिकारको नियमित अनुगमन गर्दै आएको जानकारी गराउनु भयो । उहाँले दण्डहीनता अन्त्य गर्नकै लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान अनुमोदन गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरिसकेको स्मरण गर ाउनुभयो । अध्यक्ष उपाध्यायले आयोग तथा ओएचसिएचआरका सिफारिसहरूलाई सरकारले कार्यान्वयन नगर्नु, दण्डहीनता संस्थागत बन्दै जानु, अपराधलाई राजनीतिक संरक्षण दिइनु, शान्तिसम्झौतामा व्यक्त प्रतिवद्धताहरू कार्यान्वयन नहुनु लगायतका समस्याहरूले नेपालको मानवअधिकार अवस्था सन्तोषजनक नरहेको बताउनु भयो । उहाँले भन्नुभयो, 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार समुदाय, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी लगायतका सरोकारवालाहरूसँगको जिम्मेवारीपूण सहकार्यले मात्र मानवअधिकारका सवालहरू सम्बोधन हुनसक्छ ।'

ओएचसिएचआरका प्रमुख नवनिथम पिल्लेइ

आयोगका सदस्य डा. लीला पाठकले आयोग संवैधानिक अङ्ग भएकाले दातृसंस्थाहरूको सहयोगमा मात्र निर्भर हुन नहुने बताउँदै आयोगलाई पर्याप्त बजेट उपलब्ध गराउने जिम्मेवारी नेपाल सरकारको भएको धारणा राख्नुभयो । सदस्य डा. के. बि. रोकायाले नेपाल संविधान निर्माणको प्रक्रियामा रहेकाले नयाँ राजनीतिक परिवेश अनुसार ओएचसिएचआरसँग सहकार्य गरिने बताउनु भयो । कार्यक्रममा ओएचसिएचआर नेपालका प्रतिनिधि रिचार्ड बेनेट, आयोगका सदस्य र ामनगीना सिंह, ओएचसिएचआर जेनेभाका पदाधिकारीहरू तथा आयोगका कर्मचारीहरू लगायतको उपस्थिति थियो ।

२०६५ सालमा आयोगका प्रेस विज्ञप्तिहरू

राष्ट्रिय मानवअधिकार आयोगले प्रेस विज्ञप्तिमार्फत् मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि विभिन्न प्रयासहरू गर्ने गरेको छ । व्यक्तिको मानवअधिकार संरक्षण गर्न, मानवअधिकार प्रवर्द्धनसम्बन्धी विषयमा सर्वसाधारणलाई सुसूचित गर्न तथा सिफारिस लगायत आयोगका विभिन्न गतिविधिका बारेमा जानकारी गराउन समेत प्रेस विज्ञप्तिहरूको प्रकाशन गर्ने गरिएको छ ।

यो वर्ष राष्ट्रिय मानवअधिकार आयोगको केन्द्रीय कार्यालयले ५६ ओटा प्रेस विज्ञप्तिहरू जारी गऱ्यो । यीमध्ये एक महिनामा सबैभन्दा बढी अर्थात् १० प्रेस विज्ञप्तिहरू मङ्सिर महिनामा जारी गरिए भने सबैभन्दा कम अर्थात् १ ओटा मात्रै असोज महिनामा । त्यसैगरी चैतमा ७ ओटा, जेठ, साउन र पुसमा ६-६ ओटा, कार्तिकमा ५ ओटा, असार र फागुनमा ४-४ ओटा, वैसाख र माघमा ३-३ ओटा र भदौ महिनामा २ ओटा मात्र प्रेस विज्ञप्तिहरू जारी भए ।



विषयगत आधारमा प्रेस विज्ञप्तिहरूलाई केलाउने हो भने आयोग सबैभन्दा बढी आग्रह, सुझाव र सिफारिसहरूमा केन्द्रित भएको देखिन्छ । यो शीर्षक अन्तर्गत कम्तीमा १४ प्रेस विज्ञप्तिहरू जारी भएका छन् । वि.सं. २०६५ मा आयोगले गरेका केही महत्वपूर्ण सिफारिसहरूमध्ये रोम विधान अनुमोदन गर्न, हलियाप्रथा अन्त्य गर्न र कमलरीप्रथा उन्मूलन गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरेको थियो । त्यस्तै, भूमिसम्बन्धी आयोग गठन गरी भूमिहीनको अधिकार सुनिश्चित गर्न समेत नेपाल सरकारलाई आयोगले सिफारिस गऱ्यो । नेपाल सरकार र अन्य सरोकारवालाहरूलाई आयोगले दिएका सुझावहरूमध्ये बालअधिकारसम्बन्धी प्रतिवद्धताहरू कार्यान्वयन गर्न, यातायात सेवालाई सुनिश्चित गर्न र व्यक्ति बेपत्ता पार्ने ऐनसम्बन्धी छन् । आयोगले प्रेस विज्ञप्ति मार्फत् दण्डहीनता अन्त्य, विस्तृत शान्ति सम्झौताको पालना गर्ने लगायतका विषयमा सरोकारवालाहरूलाई ध्यानाकर्षण गरायो ।

यसैगरी शान्ति सुरक्षा र मानवअधिकारसम्बन्धी १०, आयोगका आफ्नै गतिविधिसम्बन्धी ७, महिला अधिकारका बारेमा ६, विभिन्न छलफल, गोष्ठी र सेमिनारसम्बन्धी ६, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी ३, विशिष्ट पाहुनाहरूसँगको भेटघाटसम्बन्धी ३ र अन्य विविध विषयमा ७ ओटा प्रेस विज्ञप्तिहरू जारी भएका थिए ।

आयोगमा परेका उजुरीहरूको विश्लेषण

राष्ट्रिय मानवअधिकार आयोगका कार्यालयहरूमा वि.सं. २०६५ मा ८४३ उजुरीहरू परेका छन् । यो सङ्ख्या अघिल्लो वर्षभन्दा ४३९ ले कम हो । वि.सं. २०६४ मा १२८२ उजुरीहरू परेका थिए । यो वर्ष हत्यासम्बन्धी ११४ (सुरक्षाकर्मीबाट ५८, एनेकपा माओवादीबाट ३० र अन्यबाट २६), व्यक्ति बेपत्तासम्बन्धी ४३, अपहरण र स्थिति अज्ञातसम्बन्धी (एनेकपा माओवादीबाट ३२ र अन्यबाट ४८) घटनाको सम्बन्धमा आयोगमा उजुरी परेको थियो । त्यस्तै सुरक्षाकर्मीबाट यातना पाएको सम्बन्धमा ७२ र अन्य समूहबाट भएका दुर्व्यवहारसम्बन्धी ३९ ओटा घटना आयोगमा उजुरीका रूपमा दर्ता भएका छन् । घाइते वा कुटपिट भएको सम्बन्धमा जम्मा १८ (सुरक्षाकर्मीबाट ७ र एनेकपा माओवादीबाट ११) उजुरीहरू आयोगमा दर्ता भएका छन् । आन्तरिक रूपमा विस्थापित भएकोबारे ४१ उजुरी (सुरक्षाकर्मीबाट ४ र एनेकपा माओवादीबाट ३७), सम्पत्ति कब्जाबारे ४० उजुरी (सुरक्षाकर्मीबाट २, एनेकपा माओवादीबाट ३२ र अन्यबाट ६), र धम्कीका ४३ (सुरक्षाकर्मीबाट १०, एनेकपा माओवादीबाट १५ र अन्यबाट १८) घटना आयोगका कार्यालयहरूमा दर्ता भएका छन् ।

उजुरीका मुख्य लक्षणहरू

- ✓ यो वर्ष दर्ता भएका कूल उजुरी ८४३,
- ✓ अघिल्लो वर्ष दर्ता भएका उजुरी, १२८२
- ✓ हत्या, बेपत्ता, आन्तरिक विस्थापन र सम्पति कब्जाका धेरैजसो उजुरीहरू द्वन्द्वकालतर्फ लक्षित
- ✓ हत्यासम्बन्धी बढी उजुरी सुरक्षाकर्मीतर्फ लक्षित,
- ✓ अपहरण र स्थिति अज्ञात, दुर्व्यवहार, कुटपिट, आन्तरिक विस्थापित, सम्पति कब्जाका घटनामा एनेकपा (माओवादी) विरुद्ध सबैभन्दा बढी उजुरी,
- ✓ नागरिक अधिकार, महिला अधिकार, बालअधिकार, न्याय प्रशासन, थुनासम्बन्धी उजुरी बढ्दो क्रममा,
- ✓ हत्या, बेपत्ता, धम्की, सम्पति कब्जा, आर्थिक सामाजिक र सांस्कृति अधिकारसम्बन्धी उजुरी घट्दो क्रममा,
- ✓ मासिक आधारमा सबैभन्दा बढी उजुरी वैसाखमा (१२१) र सबैभन्दा कम उजुरी असोजमा (३३)
- ✓ क्षेत्रगत आधारमा सबैभन्दा बढी उजुरी मध्यमाञ्चलमा २६१ र सबैभन्दा कम धनगढीमा २५३ उजुरी ।
- ✓ प्रति महिना सरदर उजुरी दर ७०.२५ ओटा
- ✓ धम्कीका घटनामा तराईका सशस्त्र समूहहरू सबैभन्दा अधि

हत्या भएको सम्बन्धमा सबैभन्दा बढी उजुरी सुरक्षाकर्मीका विरुद्धमा परेको छ भने अपहरण र स्थिति अज्ञात, दुर्व्यवहार, कुटपिट, आन्तरिक विस्थापित, सम्पति कब्जाका घटनामा एनेकपा (माओवादी) अग्रणी देखिएको छ । माओवादीलाई समेत उछिनेर धम्कीका घटनामा तराईका विभिन्न समूह अगाडि देखिएका छन् । हत्याका अधिकांश उजुरीहरू द्वन्द्वकालतर्फ लक्षित छन् । केही सम्पति कब्जा र आन्तरिक विस्थापितका घटनासमेत द्वन्द्वकालकै परिणति हुन् तर धम्की, कुटपिट, यातना र दुर्व्यवहारका सम्बन्धमा परेका सबैजसो उजुरीहरू वर्ष २०६५ मै भएका हुन् ।

यो वर्ष महिला अधिकारसम्बन्धी ५८ उजुरी (अघिल्लो वर्ष २८ मात्र), बालअधिकारसम्बन्धी ७९ उजुरी (अघिल्लो वर्ष ३८ मात्र), थुनासम्बन्धी २९ उजुरी (अघिल्लो वर्ष १६), नागरिक अधिकारसम्बन्धी १७ (अघिल्लो वर्ष ८), न्याय प्रशासनसम्बन्धी ५६ (अघिल्लो वर्ष ४१) उजुरी दर्ता भएर अघिल्लो वर्षभन्दा बढ्दो क्रममा देखिए । तर, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी ३८ (अघिल्लो वर्ष ४३) र क्षतिपूर्ति सम्बन्धी १५ (अघिल्लो वर्ष १८) उजुरी परेकाले यी शीर्षकहरूमा सकारात्मक स्थिति भएको मान्न सकिन्छ । अघिल्लो वर्षसँग तुलना गर्दा वर्ष २०६५ मा हत्या, बेपत्ता र धम्कीका घटनामा उल्लेखनीय सुधार भएको मान्न सकिन्छ किनभने यो वर्ष हत्यासम्बन्धी ११४ (अघिल्लो वर्ष २५५), व्यक्ति बेपत्तासम्बन्धी ४३ (अघिल्लो वर्ष १३४), धम्कीका ४३ घटना (अघिल्लो वर्ष ९८) का बारेमा मात्र उजुरी दर्ता भए ।

क्षेत्रगत आधारमा आयोगमा उजुरी दर्ताको स्थितिलाई विश्लेषण गर्दा सबैभन्दा बढी उजुरीहरू मध्यमाञ्चलमा (२६१) र त्यसपछि क्रमशः मध्यपश्चिमाञ्चलमा (२३१), पूर्वाञ्चलमा (१२३), पश्चिमाञ्चलमा (७४) र सुदूरपश्चिमाञ्चलमा (५३) सबैभन्दा कम उजुरीहरू परेका छन् । उल्लिखित तथ्याङ्कहरूमा सम्बन्धित क्षेत्रका सम्पर्क कार्यालयहरूबाट प्राप्त उजुरीहरू समेत समावेस छन् ।

मासिक आधारमा आयोगमा यो वर्ष सरदर ७०.२५ उजुरी परेको देखिन्छ जबकि अघिल्लो वर्ष यो दर १०६.८३ को अनुपातमा थियो । यो वर्षको वैसाख महिनामा सबैभन्दा बढी उजुरी १२१ आयोगमा दर्ता भए । यसो हुनुको कारण अघिल्लो वर्षको चैत २८ गते सम्पन्न संविधानसभा निर्वाचनबाट उत्पन्न परिस्थिति नै हो । त्यस्तै, सबैभन्दा कम उजुरी दर्ता भएको महिना असोज रह्यो । यो महिनामा केवल ३७ उजुरीहरू दर्ता भए । दशैं र तिहार बिदामा समेत आयोगका कार्यालयहरूले उजुरी ग्रहण गर्ने गरेता पनि असोज महिनामा यी चाडपर्वहरू पर्ने भएकाले उजुरी दर्ताको क्रम घटेको देखिन्छ ।





द्वन्द्वकालदेखि नै मानवअधिकारको गम्भीर उल्लङ्घनमा बराबरी जस्तो हिस्सेदारी राख्ने सुरक्षाकर्मी र एनेकपा (माओवादी) यो वर्ष पनि यो वर्ष पनि मानवअधिकार उल्लङ्घनका केही महत्वपूर्ण घटनामा बराबरी हिस्सा ओगटेका छन् । हत्या, बेपत्ता/अपहरण, यातना/दुर्व्यवहार, घाइते/कुटपिट, विस्थापित, सम्पति कब्जा र धम्कीका कूल घटनामा सुरक्षाकर्मी र एनेकपा (माओवादी) का विरुद्ध १९६-१९६ उजुरीहरू दर्ता भएका छन् भने यिनै विषयमा अन्य समूहहरूको विरुद्धमा जम्मा ९८ उजुरी परेको छ ।

राष्ट्रिय मानवअधिकार आयोगमा

२०६५ सालमा दर्ता भएका उजुरीहरू

सि.न	मानवअधिकार उल्लङ्घनको विषय	जिम्मेवार पक्ष	वैशाख	जेठ	असार	साउन	भदौ	असोज	कार्तिक	मङ्सिर	पुस	माघ	फागुन	चैत	जम्मा
१	हत्या	सुरक्षाकर्मी (हिरासतमा मृत्यु समेत)	६	१५	६	३	८	२	३	१	३	५	५	१	५८
		एनेकपा (माओवादी)	४	७	७		२		४	१		२		३	३०
		अन्य	३	२	१	२	२	५	६	१	१		२	१	२६
२	बेपत्ता/ अपहरण	सुरक्षाकर्मी	-	१०	४	१	१	३	२	७	३	४	४	४	४३
		एनेकपा (माओवादी)	२	३	४	३	३	१	७	२	२	५			३२
		अन्य समूह	११	४	२	४	६	२	५	१	६	२	२	३	४८
३	यातना/ दुर्व्यवहार	सुरक्षाकर्मी	७	९	६	५	९	७	१	६	६	६	४	६	७२
		अन्य	३	४	८	१०	१	२	-	२			३	६	३९
४	घाईते/ कुटपिट	सुरक्षाकर्मी	१	१			२		१			१		१	७
		एनेकपा (माओवादी)	६	२							३				११
५	विस्थापित	सुरक्षाकर्मी			-				२		१	१			४
		एनेकपा (माओवादी)		२	६	१	४	१	७	२	४	५	१	४	३७
६	सम्पति कब्जा	सुरक्षाकर्मी					१					१			२
		एनेकपा (माओवादी)	१	५	१		६		८	४	२	२		३	३२
		अन्यबाट				३	१					१		१	६
७	धम्की	सुरक्षाकर्मी			१	५				३			१		१०
		एनेकपा (माओवादी)	२	१	२	४	१		२		१			२	१५
		अन्य	२	२	१		६	१	२	१	१			२	१८
८	कारागार/ थुनासम्बन्धी		२	२	२	६	४	२	३	२			१	५	२९
९	क्षतिपूर्ति			२	३		१	१		३	३			२	१५
१०	नागरिक अधिकार			२	१		३		१	१	४	२		३	१७
११	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार		२	३	३	३	५		२	५	२	२	४	७	३८
१२	महिलाअधिकार		१	४	१९	६	६	१	३	१	४	४	३	६	५८
१३	बालअधिकार		५९		२	१	३	२	१	४	३	२	२		७९
१४	न्याय प्रशासन		१	९	७	३	१	१	४	९	११	३	४	४	५६
१५	बम विष्फोट				१		१	१							३
१६	अन्य		८	७	३	५	३	१	४	४	६	१३	२	१	५७
		जम्मा	१२१	९६	९०	६५	८०	३३	६८	६०	६६	६१	३८	६५	८४३

Talking about – Trafficking in persons

Trafficking in person— as Human Right Area

Trafficking is a global underground crime against humanity. Every year there is the increasing trend of the trafficked person; 80 percent of them are women and children and up to fifty percent are minors- (The US Report 2005). These trafficked men, women and children are sold, bought and forced to cross to international borders. In addition, there are millions of people who are trafficked within their national border as well. They are compelled to lead slavery like life. These trafficked victims are deprived of their most basic human rights and fall in to the modern-day slavery. Nationally as well as internationally, this global crime of trafficking in person denies the universal value on fundamental rights of mobility, freedom, dignity and integrity of people.

Trafficking of women and girls is centuries old gender based crime in Nepal. Antidotal information on trafficking in person especially of women and children can be traced back even before the Rana regime It has its roots starting from Lichhavi, Malla, Shah and Rana dynasties and continues to till dates. Basically Nepal is listed as origin country for trafficking in person and is also becoming transit and destination country.

Trafficking situation in the country

The most quoted estimated data on trafficking of women and girl child varies from 5000- 7000 annually. According to ILO study Report-2001 approximately 12,000 children under 18 years of age are trafficked annually to India for sexual exploitation. The study of Ministry of women child and Social welfare (MOWCSW) states that about 40,000 girls work in 1200 cabin and dance restaurants and half of them are victims of trafficking and sexual exploitation. Eastern Benjamin Trust estimated that about (-600 children trafficked in circus industry in different cities of India (2007)

Reports on the situation of trafficking of women and children reveal that there is lack of updated national data on the number of trafficked person and other data related to inception, rescued and rehabilitation. Misreporting and lack of reporting on the part of services and their families is one of the problems in this respect. In addition, lack of institutionalized system of generating data is also another problem.

Since there is no national data as such relating to trafficking of human being on annual basis one has to rely on the respective institutional information. Accordingly, the overview on some of the related institution dealing with women and children trafficking reveals that incident of trafficking of women and children as the major problem of the children and labor market in the country.

Since there is no national data as such relating to trafficking of human being on annual basis one has to rely on the respective institutional information. Accordingly, the overview on some of the related institution dealing with women and children trafficking reveals that incident of trafficking of women and children as the major problem of the children and labor market in the country.

Nepal Police presents in its 2065 Annual Report that 123 cases were registered under trafficking of women and Children. The reports also revealed that analysis of five years data starting from 2061/062 to 2064/065 shows increasing trend in registered cases on trafficking as 56, 72, 97,112 and 123 in the respective fiscal years. The same report states that 1276 women have crossed the Indian border with chances of trafficking of which 126 were intercepted.

As quoted in the trafficking in person especially on women and children in Nepal 2006/7 NHRC, a total of 2398 women and children had been intercepted from 10 different borders of the 10 districts to prevent from trafficking, found 100 missing women and children and reintegrated 2,372 women and children by Maiti Nepal as of 2006/07. CWIN , in its Annual Report 2007/8, presents that a total of 2,251 were missing of which male, female and children consists of 405, 1046 and 800 respectively, where as a total of 292 were found of which 31,124, 137 were male, female and children respectively.

Foreign labor employment is source of national and family income- and occupies 22% Of the GDP. The remittance from this employment has contributed to poverty reduction from 37 to 31 per cent. On the other hand, the issues relating to unsafe foreign employment creates high risk of trafficking during pre-departure, departure, working in destination country and returning home. Department of Labor and Employment Promotion (DOLEP) reveals the average monthly individual basis complains and institutional basis complains come out to be 32 and 27 respectively. Accordingly, a total of 505 individually and 122 cases institutionally were registered in DOLEP and it depicts unsafe foreign employment and possibility of trafficking

The right to gainful employment, right to movement and right to life with dignity as stated in the Constitution of Nepal 2063 empowers the Nepali people to look for the good job nationally, cross border and beyond. In addition these rights encourage internal as well external migration. As a result a village girl may end up her employment in the capital city restaurant, in cross border country –India and beyond. Because of

the innocence, low skill and desire for the dream world life she also carries the high possibility of becoming the victim of trafficking. The above information also reveals this reality.

Commitments and initiatives to combat trafficking

The Government of Nepal is committed to combat trafficking of women and children as a UN member State, and is participatory and signatory state on UN conventions and Declarations. Some of the major conventions to which Nepal is the party are: ICESCR 1966 and ICCPR 1966, CEDAW 1979, CRC 1989, ILO Convention (No182) 1999- on Elimination of worst form of child labor. SAARC Convention on preventing and combating trafficking in women and children for prostitution 2002 .SAAR Convention on regional Arrangement for the promotion of child welfare in South Asia, 2002.

In order to translate these international commitments in the national perspective, national periodic plans including Three Year Plan 2007-2010, National Plan of Action (NPA) against trafficking in children and women for sexual and labor exploitation 2001, NPA for Children 2004-2014, NPA for Gender Equality Women Empowerment 2004 based on 12 critical Areas of Beijing plan of action, Human Right Plan of Action 2002, NPA for the implementation of CEDAW are under implementation. Further two Acts namely Human trafficking Control Act 2007 and Foreign Employment Act 2007 are implemented with the objective of ensuring right of the victim. Ministry of women, child and Social Welfare has been designated as focal ministry for the purpose and effective implementation of the plan of Action and Acts. National Women Commission has been established with gender focused objective to empower Nepali women based on equal citizen of the country.

National Human Rights Commission (NHRC) with its constitutional responsibility to promotes and protect the human rights of the people has listed trafficking in person especially of women and children among the worst forms of violation against human rights and called for its elimination. The location of ONRT within the NHRC structure has been made with a vision to influence the policies of the government of Nepal to ensure the human rights of women and children. The Strategic Plan 2008-2010 has included control and elimination of trafficking and social integration of victim as strategic objective and areas of interpenetration.

The concern

–The review on the efforts made so far in controlling and combating the trafficking in person with special focus on women and children in line o commitment on international conventions and treaties ,national policies legal provision and reforms shows that state has established trafficking of women and girls as priority concern of the country and respective ministries / departments NGO and External Development partners has joined their hands as concerned stakeholder to fight against trafficking of women and children. However, there is long way to cross to intervene the future areas of concern for making the implementation an effective tool to combat trafficking in person.

The concern over here is, trafficking-in-person is cross cutting issue because of its cycle in the intervention to address three broad areas of 3Ps – Prevention, Protection and prosecution. The interventions on policy programme and activities under three Ps need strong commitment and action from decision makers for its priority agenda, adequate resource allocation, effective coordination among the implementers and effective monitoring system. The strategic objective should be empowering women, family and community to ensure human right from gender perspective by addressing to combat trafficking in person as an entry intervention in the areas of these three Ps.

By: Padma Mathema, National Rapporteur, ONRT/NHRC

दयाराम परियारको तेस्रो स्मृति दिवस सम्पन्न

दण्डहीनता अन्त्य गर्न आयोगको आग्रह

आयोगका पूर्वकर्मचारी स्वर्गीय दयाराम परियारको तेस्रो स्मृति दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारीहरूले काठमाडौंको बबरमहलमा गत चैत १५ गते श्रद्धाञ्जलीसभाको आयोजना गरे । कार्यक्रममा आयोगका पूर्वसदस्यहरू प्रा. कपिल श्रेष्ठ, शुशिल प्याकुरेल, सुदीप पाठक तथा वर्तमान सदस्य गौरी प्रधान लगायत नागरिक समाजका प्रतिनिधिहरूले दयाराम परियारका दोषीलाई अबिलम्ब कानुनको कठघरामा उभ्याउन नागरिक समाजको दबाब आवश्यक रहेको धारणा राख्नुभयो ।

आयोगको जनकपुर सम्पर्क कार्यालयमा कार्यरत आयोगका पूर्वकर्मचारी दयाराम परियार जनकपुरधाममा मिति २०६२ साल चैत ११ गते प्रहरीको गोलीबाट सख्त घाइते भएका थिए । काठमाडौंको शिक्षण अस्पतालमा थप उपचारको क्रममा चैत १५ गते उनको निधन भयो । दयाराम नजीकै रहेका स्थानीय रामचन्द्र यादवको घटनास्थलमै मृत्यु भएको थियो ।

यो घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले २०६२ चैत २० मा 'घटनाको दोषीलाई फौजदारी अभियोगमा कारबाही चलाउनु' भनी नेपाल सरकारलाई सिफारिस गरेको थियो । त्यसैगरी यो घटनाका सम्बन्धमा सर्वोच्च अदालतले दोषीलाई कारबाही गर्न आदेश जारी गरिसकेको छ । यसै घटनाका सम्बन्धमा आयोगले प्रधानमन्त्री, गृहमन्त्री, प्रहरी महानिरीक्षक लगायत कानुन कार्यान्वयन तहका उच्च पदाधिकारीहरूलाई पटकपटक स्मरण गराइसकेको छ । तर यति लामो समय बितिसक्दा समेत आयोगको सिफारिस र सर्वोच्च अदालतको निर्णय कार्यान्वयन नभएको अवस्था छ । यसले दण्डहीनतालाई प्रश्रय दिन्छ र गैरजवाफदेहीताको अवस्थालाई वृद्धि गर्दछ ।

अतः सबै मानवअधिकारकर्मीको सुरक्षाको प्रत्याभूति गर्न, मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाका दोषीहरूलाई कारबाही गर्न तथा आयोगका सिफारिस र सर्वोच्च अदालतका निर्णयहरूलाई कार्यान्वयन गरी दण्डहीनताको अवस्था अन्त्य गर्न राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

मानवअधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा **उजुरी** गरौं ।

उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।

उजुरी कुनै पनि भाषामा लिखित वा मौखिक रुपमा दिन सकिने छ ।

मानवअधिकार उल्लङ्घनकारीलाई कानुनी कारवाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्ने छ ।

राष्ट्रिय मानवअधिकार आयोग, नेपाल

केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर, नेपाल
पोस्ट बक्स नं. ९१८२, काठमाडौं
फोन: ०१-५०१००१५, फ्याक्स: ९७७-१-५५४७९७३
इमेल: nhrc@nhrcnepal.org / वेबसाइट: www.nhrcnepal.org

क्षेत्रीय कार्यालयहरू

पूर्वाञ्चल क्षेत्रीय कार्यालय, विराटनगर
वरगाछी, विराटनगर
फोन: ०२१-४६१०९१, ४६१०९३
फ्याक्स: ९७७-२१-४६११००
इमेल: nhrcbrt@nhrcnepal.org

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा
जनप्रिय मार्ग, पोखरा
फोन: ०६१-४६२८११, ४६३८२२
फ्याक्स: ९७७-६१-४६५०४२
इमेल: nhrcpkr@nhrcnepal.org

मध्य-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगञ्ज
शान्तिनगर, नेपालगञ्ज
फोन: ०८१-५२६७०७, ५२६७०८
फ्याक्स: ९७७-८१-५२६७०६
इमेल: nhrcnpj@nhrcnepal.org

सुदूर-पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढी
उत्तर बेहडी (रातोपुल), धनगढी
फोन: ०९१-५२५६२१, ५२५६२२
फ्याक्स: ९७७-९१-५२५६२३
इमेल: nhrcdhn@nhrcnepal.org

सम्पर्क कार्यालयहरू

दिक्तेल, खोटाङ, फोन: ०३६-४२०२८४
बुटवल, रूपन्देही, फोन: ०७१-५४६९११
जनकपुरधाम, धनुषा, फोन: ०४१-५२७२५०
जुम्लाबजार, जुम्ला, फोन: ०८७-५२०२२२

पत्राचारको लागि

सम्पादक, मानवअधिकारपत्र, राष्ट्रिय मानवअधिकार आयोग,
केन्द्रीय कार्यालय, ललितपुर
पोस्ट बक्स नं. ५१८२, काठमाडौं, नेपाल
फोन: ०१-५०१००१५, फ्याक्स: ००५७७-१-५५४७५७३
इमेल: manav.adhikarpatra@nhrcnepal.org

प्रापक:

राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोन: ०१-५०१००१५, फ्याक्स: ०१-५५४७९७३, सम्पादक: भानुभक्त आचार्य